का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २१०
❒ २९ भदौ २०७८, मंगलबार
❒ 14 September 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



शे-फोक्सुण्डो र डोल्पोबुद्ध गाउँपालिका डोल्पाको आर्थिक सहयोगमा हेलिकोप्टरबाट सामग्री ल्याई पोम्जोक लेकमा नेपाल टेलिकमको टावर सञ्चालनमा आएपछि खुसी मनाउँदै स्थानीय । तस्वीर हेमन्त केसी

कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं

- श्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महसुस भए,
- धेरै थकाई र कमजोरी महसुस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिंड्दा स्वाँ-स्वाँ बढे,

सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दुई महिना पुग्यो, अझै कति कुर्ने ?

सरकार बिस्तार लगायत निर्णयमा सर्वोच्च अदालतको फैसला कुरेका प्रधानमन्त्री शेरबहादुर देउवाको प्रतीक्षा थप लम्बिएको छ । नेकपा एमाले विभाजनबारे परेको रिटको सुनुवाइ सोमबार अदालतले हेर्न नभ्याइने सूचीमा राखेकाले प्रधानमन्त्रीको पर्खाइ लम्बिएको हो ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको आज दुई महिना पुगेको छ। गएको २९ असारमा देउवा प्रधानमन्त्री नियुक्त भएका थिए। प्रधानमन्त्री नियुक्त भएलगत्तै ३ साउनमा देउवाले संसद्बाट विश्वासको मत पाए ।

देउवालाई नेपाली काँग्रेसका ६१, नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) का ३२, नेकपा एमालेका २३ र राष्ट्रिय जनमोर्चाका एक सांसदले विश्वासको मत दिएका थिए । विश्वासको मत दिने एमाले सांसदहरु अहिले नेकपा (एकीकृत समाजवादी) बनेको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नयाँ दल दर्ता गराउने प्रधानमन्त्री देउवाले बितेको दुई महिना खर्चिए ।

गएको २ भदौमा एमाले विभाजन हुनेगरी प्रधानमन्त्री देउवाले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएका थिए। यो अध्यादेश अनुसार, महन्थ ठाकुरले पनि जसपा विभाजन गरे । तर माधव नेपाल सहितलाई सहभागी गराएर मन्त्रिपरिषद् बिस्तार गराउने प्रधानमन्त्री देउवाको चाहना भने अझै पूरा हुन सकेको छैन ।

संसदमा बहुमत जुटाउन एमाले विभाजन गरिए पनि यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो । उक्त रिटको सुनुवाइ कुरेर प्रधानमन्त्री देउवा बसेका थिए । नेकपा एमालेले सभामुख अग्निप्रसाद सापकोटा, निर्वाचन आयोग र लुम्बिनी प्रदेशका सभामुख पूर्णबहादुर घर्तीविरुद्ध रिट दायर गरेको थियो। उक्त रिटको सुनुवाई सोमबारका लागि तोकियो ।

त्यसपछि प्रधानमन्त्री देउवा यो सुनुवाइ लगत्तै मन्त्रिपरिषद् बिस्तार गर्ने योजनामा थिए। तर सोमबार सर्वोच्च अदालतले यो रिटको सुनुवाई नभ्याइने सूचिमा राखिदियो ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले सभामुख, आयोग र लुम्बिनी प्रदेशका सभामुखलाई विपक्षी बनाएर दायर गर्नुभएको रिटमाथिको सुनुवाइ आज हेर्न नभ्याइने सूचीमा परेको हो । न्यायाधीशहरू दीपककुमार कार्की र मीरा खड्काको संयुक्त इजलासमा बाँकी पृष्ठ २ मा

# शाक्य र आचार्य अल्पमतमा

नेकपा एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) ले प्रदेश १ र बागमती प्रदेश सरकारलाई समर्थन नगर्ने निर्णय गरेपछि दुवै सरकार अल्पमतमा परेको छ ।

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, २८ भदौ ।

नेकपा एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) ले प्रदेश १ र बागमती प्रदेशमा नयाँ सरकार गठनको बाटो खुला गरेको छ । प्रदेश नं १ का मुख्यमन्त्री भीम आचार्य नेतृत्वको सरकारबाट एकीकृत समाजवादीले समर्थन फिर्ता लिएको छ । प्रदेशसभा सचिवालयमा एकीकृत समाजवादीले समर्थन फिर्ता लिएको पत्र दर्ता गराएको छ ।

प्रदेशसभा सदस्य सावित्राकुमारी रेग्मीले प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीलाई समर्थन फिर्ताको पत्र बुझाएकी हुन् । दर्ता नं १४७ को पत्रमा एकीकृत समाजवादीले समर्थन नरहेको उल्लेख गरिएको छ । समर्थन फिर्तासँगै एमाले नेता आचार्यको मुख्यमन्त्री पद संकटमा परेको छ ।

प्रदेश १ मा एमालेको एकल सरकार थियो । ९७ सदस्यीय प्रदेशसभामा एमालेको ५१ सांसद थियो । तर त्यस मध्ये १० जना एकीकृत समाजवादीमा गएसँगै प्रदेश सरकार अल्पमतमा परेको हो । समर्थन फिर्तासँगै एकीकृत समाजवादीले नयाँ सरकार गठनको बाटो समेत खुला गरेको छ ।

सांसद रेग्मीले एकीकृत समाजवादीको नेतृत्वमा आगामी प्रदेश सरकार गठन गर्ने प्रक्रिया समेत अगाडि बढेको बताइन् । उनले गठबन्धन सरकार बन्ने बताइन् । एकीकृत समाजवादीका प्रदेश संसदीय दलका नेता राजेन्द्र राई र राजन राई रहेको दुई सदस्यीय वार्ता टोली गठन गरी प्रदेशसभामा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेतासँग छलफल गर्ने बताए ।

एमालेका प्रमुख सचेतक बुद्धिकुमार राजभण्डारीले सर्वोच्च अदालतमा मुद्दा चलिररहेकाले एकीकृत समाजवादी दल आधिकारिक नभएको बताए । अदालतको फैसलापछि मात्र प्रदेश सरकारले विश्वासको मत लिने वा राजीनामा दिने सम्बन्धमा पार्टीले आधिकारिक निर्णय लिने बताए ।

एकीकृत समाजवादीको प्रदेश नं १ संसदीय दलको नेतामा राजेन्द्र राईलाई चयन भएका थिए । संसदीय दलको नेता चयन भएसँगै समर्थन फिर्ता लिने निर्णय एकीकृत समाजवादीले गरेको छ ।

यता बागमती प्रदेशमा पनि एकीकृत समाजवादीले मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यलाई समर्थन नरहने निर्णय गरेको छ । राजेन्द्र पाण्डेलाई संसदीय दलको नेता चयन गरेको एकीकृत समाजवादीले समर्थन नदिएपछि मुख्यमन्त्री शाक्य पनि अल्पमतमा परेकी छन् । यो प्रदेशमा पनि बाँकी पृष्ठ २ मा

# एमाले अडानले संसद् बन्धक

नेकपा एमालेले अडान कायमै राखेपछि संघीय संसदको अवरोध हटन सकेको छैन । सभामुख अग्निप्रसाद सापकोटाले संसद सञ्चालन गर्नेबारे सोमबार बोलाएको छलफलमा समेत एमाले अनुपस्थित रहयो ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित १४ जनालाई पदमुक्त गर्ने निर्णय सभामुख अग्निप्रसाद सापकोटाले कार्यान्वयन नगरेको नेकपा एमालेले संघीय संसद् अवरोध गर्दै आएको छ । २३ भदौदेखि शुरु भएको संसद् बैठकमा एमाले सांसदहरुले लगातार नाराबाजी र रोष्टम घेराउ गर्दै आएका छन् ।

एमालेको अवरोध बीच दल विभाजन सम्बन्धी अध्यादेश देखि चालु आर्थिक वर्ष २०७८/७९ का लागि संशोधित बजेट पनि संसद्मा पेश भएको छ । अर्थात् एमाले अवरोधकै कारण संसदको काम नरोकिएको अर्थमा समेत बुझ्न बाँकी पृष्ठ २ मा

# इजरायलको भाषा परीक्षामा ६ हजार बढी सहभागी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ भदौ

इजरायलका दीर्घकालीन स्याहार केन्द्रको रोजगारीका लागि वैदेशिक रोजगार विभागले सञ्चालन गरेको अंग्रेजी भाषा परीक्षामा ६ हजार ३ सय १७ जना सहभागी भएका छन् । काठमाडौंमा तोकिएका सबै १६ परीक्षा केन्द्रमा परीक्षा शान्तिपूर्ण र मर्यादितरुपमा सम्पन्न भएको विभागले जनाएको छ। विभागले सोमबार ८० अंकको परीक्षा सञ्चालन गरेको हो ।

विभागले एक हप्ता भित्रै परीक्षाको नतिजा प्रकाशन गरेर अर्को हप्ता २० अंकभारको अन्तर्वार्ता गरी सकेसम्म छिटो नतिजा सार्वजनिक गर्ने बताएको छ। सम्झौता अनुसार नेपालले शुरूमा एक हजार जना दीर्घकालीन स्याहार केन्दमा पठाउने छ। त्यसका लागि योग्यता क्रममा कम्तीमा १ हजार ६ सय जना उत्तीर्ण गराउने विभागले बताउँदै आएको छ।

विभागका सूचना अधिकारी कमल ज्ञवालीले ओएमआर विधिबाट उतरपुस्तिकाको जाँच हुने भन्दै एक दुई दिनमै नतिजा सार्वजनिक गर्न सकिने बताए । इजरायलले एक हजारमध्ये ७० प्रतिशत अर्थात ७ सय महिला र ३० प्रतिशत अर्थात ३०० पुरुष लैजाने बताएको छ ।



इजरायल जानेको भिड । दरबार हाइस्कुल रानीपोखरीमा सरकारले कियर गिभरमा नेपाली कामदार लानको लागि संचालन गरेको परीक्षामा सहभागी परीक्षर्थीहरु । तस्बिर : दिपेन्द्र श्रेष्ठ, मध्यान्ह

इजरायलका लागि यसपट ४ हजार २ सय महिला र ५ हजार ४ सय ९९ पुरुष गरी ९ हजार ६ सय ९९ जनाले आवेदन दिएका थिए। जसमध्ये ७ हजार ९ जनाको फारम स्वीकृत भएको विभागको भनाइ छ ।

विभागले तोकेको मापदण्डअनुसार आवेदन गरेको तर छानविनका नाममा आवेदन नै अस्वीकृत गरिएको कतिपयको गुनासो छ भने कतिपयले तालिम केन्द्रहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव, विभागका महानिर्देशक र परीक्षा सञ्चालनमा बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### मलेसिया गएका सर्वजित १६ वर्षदेखि बेपत्ता

**काठमाडौं/रासस–** रोजगारीका लागि मलेसिया गएका पर्वतका एक युवा १६ वर्षदेखि वेपत्ता भएका छन् । महाशिला गाउँपालिका-१ होश्राङ्दीको अर्गाउदीका उमाराज र विष्णुमाया विकका छोरा सर्वजित विक सम्पर्कविहीन भएका हुन् । विसं २०६२ मा त्यसतर्फ गएका सर्वजित हालसम्म परिवारका सम्पर्कमा नआएपछि परिवारले खोजी गरिदिन अपिल गरेका छन् ।

छोरालाई हालसम्म सबै ठाउँमा खोजतलास गर्दा पनि अत्तोपत्तो नभएपछि खोजी गरिदिन आमा विष्णुमायाले सबैलाई अपिल गरेकी छन् । राम्रो लाउने मीठो खाने सपना बोकेर धन कमाउने आशामा विदेश गएको छोरा बेपत्ता भएपछि आफूहरु अत्यन्त बाँकी पृष्ठ २ मा

### निर्वाचनसँगै एनआरएनएको महाधिवेशन पनि अनिश्चित

**काठमाडौं/रासस–** गैर आवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्का निर्वाचन प्रक्रिया स्थगन भएका छन् । परराष्ट्र मन्त्रालयले पत्रमार्फत विभिन्न देशमा प्रतिनिधिसम्बन्धी समस्या रहेको भनी मन्त्रालयमा उजुरी परेकाले त्यस सम्बन्धमा छानविन नभएसम्म निर्वाचन प्रक्रिया स्थगन गर्न निर्देशन दिएको हो । मन्त्रालयको सो निर्देशनपछि संघको आगामी अक्टोबर २३-२५ मा हुने १० औं महाधिवेशन अनिश्चित बनेको छ । बाँकी पृष्ठ २ मा

कर्मचारीहरूको आवश्यकता

यस पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि. मुख्य कार्यालय, काठमाडौंको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता भएको हुनाले सम्बन्धित क्षेत्रमा अनुभब भएको ईच्छुक व्यक्तिले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरन्त सम्पर्क गर्नु होला।

Accountant - (Male/Female) 1 Nos
Requirements
- Must have experience in same field.
- Fluent in Tally and Excel.
- Education must have Bachelor in Management.

Receptionist - (Female) Nos 2
Requirements
- Must have experience in same field.
- Should know about documentation.
- Must have experience to deal with candidates.

इच्छुक महानुभावहरूले आजको मितिले तीन दिन भित्रमा आफ्नो बायोडाटा info.pukaragency@gmail.com मा पठाउनुहोला ।

पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं
E-mail : - info.pukaragency@gmail.com | Mob.: 9803567829

# जिल्ला कारागार सोलुमा क्षमता भन्दा बढी कैदिबन्दी, व्यवस्थापनमा समस्या


**रमन वन/मध्यान्ह**
सोलुखुम्बु, २८ भदौ

जिल्ला कारागार सोलुखुम्बुमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा समस्या भएको छ।

२५ जना क्षमता रहेको कारागारमा ८९ जना कैदीबन्दी राख्नुपर्दा समस्या भएको कार्यालय प्रमुख प्रशान्तकुमार महतोले जानकारी दिए।

उनका अनुसार ५ महिला र २० पुरुष गरी २५ जनाको क्षमता रहेको कारागारमा हाल एक नाबालक र ५ महिला सहित ८९ जना कैदी बन्दी छन्।

कैदी बन्दी खचाखच गरी बस्दा पनि नअटेपछि केही कैदीबन्दीलाई भान्साकोठामा बस्न तथा सुत्नुपर्ने बाध्यता रहेको कारागार प्रशासनले जनाएको छ।




क्षमता भन्दा बढि कैदि बन्दी भएका कारण सुत्न र बस्न समस्या भएको कारागार प्रमुख महतोको भनाई छ।

कैदीको संख्या थपिँदै गएपछि पछिल्लो पटक वि.सं. २०६८ मा एउटा अस्थायी कोठाको निर्माण गरिएको थियो। उक्त कारागारभित्र अब थप अस्थायी कोठा निर्माण गर्न खाली ठाउँ पनि नरहेकाले समस्या भएको प्रमुख महतोले बताए। यसबारेमा सम्बन्धित निकायलाई जानकारी गराइए पनि सुनुवाइ नहुँदा समस्या बढ्दै गएको कारागारले जनाएको छ।

वि.सं. २०६४ मा निर्माण गरिएको उक्त भवनमा कैदीबन्दी त्यस समयमा क्षमता अनुसारकै भए पनि दिन प्रतिदिन बन्दीको संख्या वृद्धि भएपछि समस्या भएको बताइएको छ।

# निपाह भाइरसको संक्रमणप्रति सचेत रहन आग्रह

काठमाडौं/मस-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निपाह भाइरसको संक्रमणप्रति सचेत रहन आग्रह गरेको छ। मन्त्रालयले भारतमा यस प्रकारको भाइरसको संक्रमण देखिएकाले नेपालमा पनि फैलिन सक्ने भएकोले सचेत रहन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा.कृष्णप्रसाद पौडेलले भारतसँग खुला सिमा भएकाले यहाँ पनि फैलिनसक्ने भएकाले सचेत रहन आग्रह गरिएको बताए।

भारतको केरला राज्यमा केही दिनदेखि निपाह भाइरसको संक्रमण देखिएको छ।

उनका अनुसार नेपालमा अहिलेसम्म उक्त भाइरसका संक्रमित फेला परेका छैनन्। निपाह भाइरस एक प्रकारको पशुबाट मानिसमा सने 'गम्भीर प्रकृतिको रोग लाग्ने भाइरस हो। यस भाइरस प्राकृतिकरुपमा 'फूट ब्याट' भन्ने प्रजातिको चमेरामा पाइन्छ।

निपाह भाइरस जनावरबाट जनावर, जनावरबाट मानिस र मानिसबाट मानिसमा सर्ने गर्दछ। सङ्क्रमित चमेराबाट सुँगुर, गाई, गोरु जस्ता जनावर हुँदै मानिसमा सर्ने गर्दछ। यस्तै संक्रमित पशुको संसर्गमा आएको फलफूल प्रयोग गरेमा, संक्रमित व्यक्तिको रगत, दिसा र पिसावसँग प्रत्यक्ष सम्पर्कमा आएमा पनि निपाह भाइरस सर्ने गर्दछ।

उक्त भाइरसका लक्षण ज्वरो आउने, रिङ्गटा लाग्ने, टाउको दुख्ने, मांसपेशी दुख्ने, वाकवाकी लाग्ने, श्वासप्रश्वासमा कठिनाइ हुने र टन्सिलाइटिस देखिने गर्दछ। यो रोग बढी संक्रामक पनि हुने गरेको छ।

निपाह भाइरसबाट बच्नका लागि फलफूल राम्रोसँग पखालेर मात्र खाने, तरकारी सकेसम्म पकाएर खाने, गाइबस्तुको गोठ र फार्म सफा राख्ने, मासु काट्दा र पकाउँदा पञ्जा र मास्कको प्रयोग गर्ने, सकेसम्म पानी उमालेर मात्र पिउने, बेलाबेलामा साबुनपानीले हात धुने, भीडभाडमा जाँदा मास्क लगाउने गर्नुपर्दछ।

मन्त्रालयका प्रवक्ता डा पौडेलका अनुसार उक्त भाइरसबाट ४५ देखि ७५ प्रतिशत मानिसमा मृत्यु हुने जोखिम रहेको छ। विश्वस्वास्थ्य संगठन (डब्लुएचओ)ले निपाह भाइरसबाट सर्ने रोगलाई विश्वको १० प्राणघातक रोगमध्ये एक मानेको छ।

## दुई...

सुनुवाइ लागि पेशी तोकिएपनि समय अभावले हेर्न नभ्याइने सूचीमा राखिएको हो। यही भदौ २२ गते प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको एकल इजलासले उक्त विवादमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्नेमा सोमबार दुवै पक्षलाई छलफलमा बोलाउने आदेश दिएको थियो।

अदालतले नेकपा (एकीकृत समाजवादी) पार्टी दर्ता गरेको मिले वा नमिलेका विषयमा १५ दिनभित्र निर्वाचन आयोगसँग लिखित जवाफ मागेको थियो। त्यस्तै विपक्षीको लिखित जवाफ पेश भएको तेस्रो दिन सुनुवाइलाई पेशी तोक्न भनिएको थियो। एमाले अध्यक्ष ओलीका तर्फबाट वारेस सुमित्रा पाण्डेले यही भदौ १६ गते छुट्टाछुट्टै तीन रिट दर्ता गरेकी थिइन्।

एमालेका १४ प्रतिनिधिसभा सदस्यलाई गरिएको कारवाही कार्यान्वयन नगरी उन्मुक्ति दिने गरी विपक्षीबाट भएको आदेश तथा निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक दलले गरेको कारवाही निष्काशनको निर्णय कार्यान्वयन गर्न परमादेश जारी गर्न रिटमा माग गरिएको छ।

एमालेले आफ्ना दलका १४ प्रतिनिधिसभा सदस्यलाई गत साउन २५ को निर्णयले निष्काशन गरेको र कार्यान्वयनका लागि संसद् सचिवालयमा यही भदौ १ गते सूचना तथा निर्णय दर्ता गराइएकामा कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेको रिटमा उल्लेख छ।

निष्काशित प्रतिनिधिसभा सदस्यलाई नयाँ दलमा समाहित हुने अवस्थासमेत गरिएकामा पत्राचार तथा निर्णय गैरकानूनी भएकाले सो उत्प्रेषणको आदेशद्वारा बदरको माग गरिएको छ। नेकपा (एकीकृत समाजवादी) पार्टी दर्ताको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनबमोजिम गर्न आयोगका नाममा परमादेश जारी गर्न रिटमा माग गरिएको छ। पार्टीले कारबाही गरिसकेका १४ सांसदकोसमेत सनाखत गरी नेकपा (एकीकृत समाजवादी) पार्टी दर्ता गर्नु त्रुटिपूर्ण भएको भन्दै त्यसलाई बदर गर्न रिटमा भनिएको छ। आयोगले प्रक्रिया मिचेर धेरै सङ्ख्या पुऱ्याएर नेकपा (एकीकृत समाजवादी) दर्ता गरेको र नयाँदिल्लीमा रहेका एमाले नेता झलनाथ खनालको सनाखत हुनै नसक्ने अवस्थामासमेत गैरकानूनीरुपमा स्वीकार गरेको रिट निवेदनमा ट।

दलले निष्काशन गरेका दुई लुम्बिनी प्रदेशसभा सदस्यलाई यथावत् राख्न भएको निर्णय बदर गरी गैरकानूनी कार्य नगर्न परमादेशको आदेश मागिएको छ। एमालेका लुम्बिनी प्रदेशसभा सदस्य विमलाकुमारी खत्री र अजय शाहीलाई राजनीतिक दलसम्बन्धी ऐनबमोजिम निष्काशन गरिसकेको निर्णय सभामुखले प्रदेशसभामा सुनाई वा टाँस गरी पद रिक्तको सूचना आयोगमा पठाउनुपर्ने भएपनि सदनलाई जानकारी नगराउने निर्णय बदर गर्न रिटमा माग गरिएको छ।

## एमाले ...

सकिन्छ। तर संसद्मा एमालेको अवरोधका कारण जनताका समस्या र सरकारको ध्यानाकर्षण गराउनबाट भने जनप्रतिनिधिहरु बञ्चित हुँदै आएका छन्। संशोधित बजेट नाराबाजीबीच पारित भएपनि आइतबारको प्रतिनिधिसभा बैठक सञ्चालन हुन सकेन। संसद् बैठक सञ्चालन गर्न सभामुख सापकोटाले एमाले नेताहरुसँग समेत छलफल गरे। तर सहमति जुट्न सकेन।

प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाप्रति आक्रोशित एमालेले राष्ट्रियसभा पनि सञ्चालन हुन दिएको छैन। सोमबार पनि राष्ट्रियसभा बैठक एमालेले अवरोध गऱ्यो। बैठक शुरु हुनासाथ एमालेका सांसदहरुले उभिएर विरोध जनाएका थिए। राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले सांसद भैरवसुन्दर श्रेष्ठलाई आफ्नो भनाइ राख्न समय दिएका थिए। सांसद श्रेष्ठले दलीय आधारमा निर्वाचित सांसदलाई दलको निर्देशन नमान्दा आफ्नो दलले गरेको कारबाहीको सिफारिसलाई सभामुखले कार्यान्वयन नगर्दा समस्या उत्पन्न भएको बताए।

एमालेको निर्देशन नमान्ने १४ सांसदलाई कारवाहीको सिफारिस गरे पनि सभामुखले लामो समयसम्म कार्यान्वयनमा नलगी एमाले विभाजनमा सहयोगी भूमिका खेलेको उनको आरोप थियो। उनकै जस्तो आरोप प्रतिनिधिसभामा पनि एमाले सांसदहरुले लगाइरहेका छन्।

सोमबारको राष्ट्रियसभा बैठक अवरोध गरेको एमाले सभामुख सापकोटाले बोलाएको सर्वदलीय बैठकमा भने अनुपस्थित रह्यो। संसदमा देखिएको गत्यावरोध हटाउन सभामुख सापकोटाले सर्वदलीय बैठक बोलाएका थिए। तर एमाले अनुपस्थित भएपछि बिना निष्कर्ष नेताहरु उठेका छन्।

अवरोध फुकाउने उद्देश्यले आयोजित सर्वदलीय बैठकमा सोही दलको उपस्थिती नभएपछि सार्थक निष्कर्ष निस्कन नसकेको हो। बैठकमा सहभागी भएका नेताले पुनःएक पटक प्रमुख प्रतिपक्षीसँग पनि छलफल गरेर सर्वदलीय बैठक बोलाउन सभामुखलाई आग्रह गरेका थिए। लामो समयसम्म सदनमा अवरोध उत्पन्न हुन राम्रो नभएको भन्दै उनीहरूले विधि, प्रक्रियामा गएर न्यायसङ्गत निकास निकाल्नुपर्नेमा जोड दिए। बैठकमा सभामुख सापकोटा र कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सदनको अवरोध खुलाउन यसअघि भएका प्रयासबारे जानकारी गराए।

आफूले कारवाही गरेको १४ जना सांसदलाई कारवाही गरेको सूचना प्रकाशित नगरेको भन्दै सभामुखमाथि आक्षेप लगाउँदै एमालेले लगातार सदन अवरोध गर्दा महत्वपूर्ण विधेयक अगाडि बढ्न सकेको छैन। प्राकृतिक विपत्ति एवम् जनताका दैनिक जीवनसँग जोडिएका विषयमा आवाज उठ्न सकेको छैन। संसद्को वर्षे अधिवेशन आह्वान गर्ने समय नजिकिँदै गर्दा गत असार ११ गते प्रतिनिसभा विघटन गरिएका कारण देश, जनतासँग जोडिएका विषयमा सदनमा आवाज उठन सकेको छैन। अघिल्लो सरकारले ल्याएका केही अध्यादेश समेत पेश हुन सकेको छैन।

चालु आर्थिक वर्षको बजेटका सम्बन्धमा जोडिएका विषयसमेत अगाडि बढाउनुपर्ने दायित्व छ। यही भदौ ३० गतेसम्म बजेट पारित गर्नुपर्ने वाध्यता छ। सत्तारुढ दलका अनुसार 'पूरा नहुने माग' राखेर प्रमुख प्रतिपक्षीले सदनको कारवाही अवरोध गर्नु आफैंमा मिल्दो विषय होइन।

प्रतिनिधिसभाको बैठकमा सभामुखले पटकपटक सर्वोच्च अदालतमा विचाराधिन विषयमा सदनमा छलफल हुन नसक्ने भन्दै अवरोध नगर्न ध्यानाकर्षण गराउँदै आएका छन्। एमालेका नेताहरूले कारवाही गरेको १४ जना सांसद निष्काशन गरेको विषयमा सभामुखले उचित निर्णय नगरेको भन्दै सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरेका छन्।

## शाक्य...

एमालेको एकल सरकार छ। १०९ सदस्यीय प्रदेशभामा एमालेसँग ५५ सांसद थिए। तर १३ जना एकीकृत समाजवादीतर्फ लागेका छन्।

## इजरायलको ...

सहभागी कर्मचारीहरुको नाम जोडेर सेटिङ मिलाइसकेको र पास गराउने ग्यारेन्टी भन्दै दश लाख रूपैयाँसम्म मोलमोलाई गर्ने गरेका छन्। मध्यान्ह राष्ट्रिय दैनिकीलाई प्राप्त एउटा अडियोमा लाखौं रूपैयाँ मोलमोलाई गरिएको आवाज सुन्न सकिन्छ।

विभागले भने इजरायल रोजगार छनोट प्रक्रिया प्रविधिमा आधारित रहेको भन्दै सेटिङका आधारमा पठाउन सकिने अवस्था नभएको दाबी गरेको छ। इजरायल रोजगारमा छानिएका कामदारहरुले ५ वर्षसम्म काम गर्न पाउनेछन्। इजरायल जाने कामदारको न्यूनतम तलब १६ सय डलर झन्डै १ लाख ९० हजार नेपाली रुपैयाँ हुनेछ। लागत शुल्क भने १ लाख ६५ हजार रुपैयाँ तोकिएको छ।

यता श्रम मन्त्रालयले २०७२ जेठ २६ मा गरेको 'फ्रि भिसा, फ्रि टिकट' निर्णय विपरीत इजरायलको रोजगारीमा जाने कामदार छनोट गर्न लागिएको भन्दै सर्वोच्चमा परेको एउटा रिट विचाराधीन अवस्थामा छ।

## मलेसिया...

पिरमा परेको उनले बताइन्। उनले भनिन्, 'घरको आर्थिक समस्याले छोरालाई विदेश पठायौँ तर १६ वर्षसम्म छोराको अत्तोपत्तो नपाउँदा हामी छोराकै पिरले दिनको भोक न रातको निद भएका छौँ।'

मलेसिया गएको चार वर्षसम्म छोराले फोन गरिरहने गरे पनि त्यसपछि कुराकानी हुन छोडेको उनको भनाइ थियो। उनले भनिन्, 'अहिले कहाँ कस्तो अवस्था छ, कुनै आपतविपत परेर हो कि अथवा केही भयो कि ? छोराको अवस्था थाहा पाउन नसकेपछि हामी सारै सस्यामा परेका छौँ।'

लामो समयसम्म पनि छोरा घर नफर्केपछि छोरा आमाबाबु चौबिसै घण्टा पिरोलिने गरेको बेपत्ता सर्वजितकी भाउजू सम्झना विकले बताइन्। काठमाडौँ मेभ मेनपावरबाट मलेसिया गएका सर्वजित मलेसियाको सेलेङगर भन्ने ठाउँमा (निलेइ कम्पनी) हेन गल्वस कम्पनीमा काम गरेको उनका आफन्त विष्णुराम विकले बताए। चार वर्षसम्म सोही कम्पनीमा काम गरेको र त्यसपछि त्यहीँबाट सम्पर्कविहीन भएको उनको भनाइ छ। सर्वजितलाई विदेश पठाएको मेनपावर अहिले बन्द भएको छ। हालसम्म धेरै खोजी गर्दा पनि सर्वजितको अवस्था पत्ता नलागेको उनले बताए। विक परिवार अझै पनि छोरो घर फर्किन्छ भन्ने आशामा रहेका छन्। छोरा गएको ठाउँ मलेसियालगायत सबैतिर खोजिदिन परिवारले आग्रह गरेका छन्।

## निर्वाचनसँगै ..

विभिन्न देशबाट महाधिवेशनमा भाग लिने प्रतिनिधि विधान विपरीत सिफारिस गरेको भनी संघका तीन सदस्यले मन्त्रालयमा निवेदन दिएपछि त्यसको अनुगमन गर्न मन्त्रालयको नीति योजना विकास कुटनीतिक तथा विदेशमा रहेका नेपालीसम्बन्धी महाशाखा प्रमुखको संयोजकत्वमा कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधि सदस्य रहेको अनुगमन समिति गठन गरिएको छ।

परराष्ट्र मन्त्रालयका सहसचिव भरतकुमार रेग्मीले हस्ताक्षर गरेको पत्रमा महाधिवेशन प्रतिनिधि चयन सम्बन्धमा छानबिन गर्न नेपाल सरकारले गठन गरेको सो समितिले आफ्नो प्रतिवेदन पेश नगरेसम्म अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्का निर्वाचनसम्बन्धी बाँकी प्रक्रिया स्थगन गरिएको जनाइएको छ।

पत्रमा राष्ट्रिय समन्वय परिषद्को प्रतिनिधि छनोट प्रक्रियामा अस्ट्रेलिया, जर्मनी, डेनमार्क, पोर्चुगललगायत मुलुकमा समस्या रहेको जनाउँदै यही भदौ २४ गते मन्त्रालयमा निवेदन दिइएको जनाइएको छ।

संघको उद्देश्य, सङ्गठनात्मक प्रतिष्ठा र साखजस्ता विषयलाई ध्यानमा राखी दशौँ महाधिवेशनमा हुने अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन र सोभन्दा अगाडि भएका राष्ट्रिय समन्वय परिषद्का निर्वाचनलाई स्वतन्त्र, निस्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउन आवश्यक रहेकाले यी विषय समयमै निरुपण हुनु जरुरी रहेको पत्रमा उल्लेख छ।

निर्वाचनको अन्तिम तयारी रहेको अवस्थामा एक्कासी निर्वाचन स्थगनको सूचना आउनु विडम्बनापूर्ण रहेकले विशुद्ध सामाजिक सेवामा समर्पित संस्थालाई राजनीतिकरण गर्न खोजिनु दुःखदायी रहेको संघका उपाध्यक्ष रविना थापाले बताए। परराष्ट्रको पत्र आएपछि आइतबार नै संघका पदाधिकारी (आइइएस) को बैठक बसी यस विषयमा सरकारसँग संवाद गर्ने निर्णय गरेको उनले जानकारी दिए।


संघका संस्थापक तथा संरक्षक रामप्रताप थापा पनि अन्य विकल्प हुँदाहुँदै मन्त्रालयमा निवेदन दिनु गलत भएको बताउँछन्। संस्थाभित्रै वार्ता र छलफलद्वारा समस्याको समाधान गर्नुपर्नेमा मन्त्रालयमा निवेदन दिनु गलत अभ्यास भएको र यसमा सरकारले पनि हस्ताक्षेप गर्न नहुने उनको भनाइ छ।

## सिन्धुपाल्चोक डायरी

देवराज सुवेदी/मध्यान्ह

# मेलम्ची नगर उद्योग वाणिज्य संघको पहिलो बैठक सम्पन्न

मेलम्ची नगर उद्योग वाणिज्य संघ मेलम्ची नगरपालिकाको पहिलो बैठक मेलम्चीमा सम्पन्न भएको छ। पुस्कर प्रसाद धितालको अध्यक्षतामा बसेको बैठकमा विभिन्न महत्वपुर्ण निर्णय भएको संस्थाका महासचिव तारा बानियाँले जानकारी दिए।



बैठकले बाढी पहिरो तथा प्राकृतिक विपत्तिमा परेका हरुको उद्धार तथा राहत र व्यापारिक हकहितको लागि निरन्तर काम गर्ने निर्णय गरेको छ।

हाल २१ सदस्सीय समिति रहेको संस्थामा आगामी दिनमा सदस्य संख्या थप गर्दै लैजाने सचिव एकलाल श्रेष्ठले जानकारी दिए।

सोमबार बसेको बैठकले विष्णु प्रसाद धितालालाई कानूनी सल्लाहकार समेत नियुक्त गरेको छ। साथै मेलम्ची पाँचपोखरी, मेलम्ची हेलम्बु र मेलम्ची इन्द्रावती जाने सडक वैकल्पिक रुपमा भने पनि तत्काल सञ्चालनका लागि नगरपालिकालाई ध्यानाकर्षण गर्ने निर्णय समेत भएको छ।

बाढीबाट क्षति पुगेको रेडियो मेलम्ची सञ्चालनका लागि समेत ५ हजार रुपैयाँ समेत सहयोग गरिएको छ। संस्थाका अध्यक्ष पुस्कर धितालले रेडियो मेलम्चीका प्रतिनिधि दिपिन ढुंगानालाई सो रकम हस्तान्तरण गरिएको छ।

आगामी दिनमा दीर्घकालिन सोचका साथ नगर भित्रका सबै वडाका व्यापारीहरुलाई समेटेर सदस्य संख्या थप गर्दै आगामी योजना बनाउने संघका उपाध्यक्ष बिजयकृष्ण श्रेष्ठले जानकारी दिए।

# रेडियो हाजिरी जवाफ प्रतियोगितामा तामाङ पहिलो

बाल दिवस २०७८ को अवसरमा सिन्धुपाल्चोकमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ।

मेलम्ची नगपालिकाको सहयोग, नगर बाल सञ्जालको आयोजना र रेडियो मेलम्चीको समन्वयमा सोमबार सम्पन्न रेडियो हाजिरी जवाफ प्रतियोगितामा गिरानचौरका समीर तामाङ पहिलो भएका छन्।

त्यस्तै मेलम्ची ११ कटुञ्जेका सञ्जिता तामाङ, सुजन तामाङ र मेलम्ची- १० का रामकृष्ण दनुवार क्रमशः दोश्रो, तेश्रो र सान्त्वना भएका छन्। बाल दिवसको अवसरमा नगरपालिकामा मंगलबार हुने कार्यक्रममा प्रथम हुने सहभागिले नगद रु. ५ हजार प्राप्त गर्ने छन् भने दोश्रो, तेश्रो र सान्त्वना हुने सहभागिलाई नगद क्रमशः रु. ३ हजार, २ हजार र १ हजार प्रदान गरिने मेलम्ची नगरपालिका शिक्षा शाखाका अधिकृत सुदिनराज बुढाथोकीले जानकारी दिए।

सरकारले आज ५७ औं राष्ट्रिय बाल दिवस मनाउनेबारे तयारी गरेको छ। 'सामान्य अवस्था वा कोभिड महामारी : बालअधिकार संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने नाराकासाथ आज बाल दिवस मनाइँदैछ।

# मेलम्ची पाँचपोखरी अवरुद्ध सडक संचालनमा

मेलम्ची नगरपालिकाले अवरुद्ध मेलम्ची पाँचपोखरी सडक सञ्चालनमा ल्याएको छ। पहिरोका कारण अवरुद्ध सडक मेलम्ची नगरपालिकाले खुलाएको मेलम्ची नगरपालिकाका प्रमुख प्रसाशकिय अधिकृत अमृतकुमार धितालले जानकारी दिए। पहिरोका कारण सडक अवरुद्ध हुँदा पाँचपोखरी थाङ्पाल गाउँपालिकाका नागरिकहरुले सास्ति भोग्न परेको थियो। अहिले मेलम्ची पारी झुलुडे पुलदेखी यातायातको साधन संचालन गर्न सकिने नगरपालिकाले जानकारी दिएको छ।

यस अघिपनि नगरपालिकाले पटक पटक अवरुद्ध सडक सञ्चालनको प्रयास गरेपनि वर्षा बाधक बनेको धितालले जानकारी दिए। सडक सञ्चालनमा आएसँगै भोताङ,गुन्सा,मानेखर्क,थाङ् पालकोट लगायत माथिल्लो भेगमा पुग्नको लागि सहजता भएको छ। सडक खुलाइदिन नगरपालिकालाई थाङ्पाल बासिले सामाजिक सञ्जाल मार्फत सार्वजानिक रुपमा अपिल समेत गरेका थिए।

# 'बाढी प्रभावितलाई सहयोग गर्न दीर्घकालीन नीति आवश्यक'

पूर्व मन्त्री एवम् नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहन बहादुर बस्नेतले जिल्लाका बाढी प्रभावितलाई सहयोगको लागि दीर्घकालीन नीति बनाउनुपर्नेमा जोड दिएका छन्। विपद व्यवस्थापन समितिका संयोजक समेत रहेका बस्नेतले विपदमा कांग्रेसको भूमिका विषयमा मेलम्चीमा आयोजित छलफलमा बाढी प्रभावितका लागि दीर्घकालिन नीतिको आवश्यकता रहेको बताए।



नेपाली कांग्रेस सिन्धुपाल्चोकप्रतिनिधि सभा २ को प्रदेश 'ख' ले बाढी पीडितहरुको सुझाव लिन गरेको कार्यक्रममा बोल्दै उनले राजनीतिक दलले जनता पहिला जोगाउनु कर्तव्य रहेको, जनता नै नभए राजनीतिको अर्थ नरहने भन्दै नेता बन्न खोज्नहरुले जनताको लागि सोच्नुपर्ने बताए। 'हेलम्बु मेलम्चीका स्थानीयले बाढीको पिडा भोगेका छन् उनीहरुको लागि हामीले सोच्न पर्दछ' उनले भने, 'बाटो घाटो पुल पुलेसा निर्माण तत्काल गर्न पर्ने र पीडित स्थानीयको लागि दीर्घकालीन कार्य योजना बनाएर सहयोग गर्नुपर्दछ।'

सिन्धुपाल्चोकमा बामपन्थी गठबन्धनले निर्वाचन जितेपनि जनताको लागि सिन्को भान्च नसकेको उनले आरोप छ। सभामुखदेखि संघीय मन्त्री, प्रदेश मन्त्री हुँदा समेत हेलम्बु र मेलम्चीका बाढी पीडितले राहत समेत नपाएको बस्नेतको भनाइ छ। उनले सिन्धुपाल्चोक मात्रै नभएर देशैभर कांग्रेसले प्राकृतिक विपत्तीमा अविभावकीय भूमिका खेलेको बताए।

कार्यक्रमा बोल्दै केन्द्रीय सदस्य तथा पूर्व गृहराज्यमन्त्री बिष्णु विक्रम थापाले मेलम्ची बासीको विपत्तीमा हरदम साथ दिन कांग्रेस तयार रहेको बताए। क्षेत्र न. २ प्रदेश सभा (ख) का सभापति रामबाबु लुईंटेलको सभापतित्वमा भएको कार्यक्रममा जिल्लाका पुराना नेता भोला बोहोरा, प्रदेश सांसद निमा लामा, नेपाली कांग्रेसका प्रचारप्रसार विभाग केन्द्रीय सदस्य सागर श्रेष्ठ, युवा नेता प्रेमध्वज लामा लगायतले मन्तव्य राखेका थिए।


**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/०५/२९**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ८१२.५० क्युफिट, खयर काठ २४०.१४ क्युफिट (स्यापउड सहित), कर्मा गोलिया काठ ७९.०१ क्युफिट र दाउरा १ चट्टा बिक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ। **दिब्बल सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ २, तनहुँ**

# घरघरमा किचन बमः प्रशासन मौन

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २८ भदौ

नेपाल सरकारको गृहमन्त्रालयले देशभर बिक्रिवितरणमा रोक लगाउँदै आएको प्रतिबन्धित सानो आकारको सिलिण्डर चाडपर्व नजिकिएसँगै बजारहरूमा छ्याप छ्याप्ति देखिन थालेको छ ।

नियमनकारी निकाय आफैँमा चुप लागिदिँदा र उपभोक्तासमेत सचेत नहुँदा नेपाल सरकारले बिक्रीवितरणमा प्रतिबन्ध लगाएको साना आकारका सिलिन्डरहरु पुनः पूर्वका बजारहरुमा देखिन थालेका हुन् । बजार अनुगमन गर्ने निकाय जिल्ला प्रशासन कार्यालय तथा घरेलु उद्योगका कर्मचारीहरु एवम स्थानीय सरकार सकृय रुपमा उपस्थिती नहुँदा बजारमा पुनःप्रतिबन्धित सिलिण्डरहरु देखिन थालेका हुन् ।

साना आकारका सिलिन्डरहरु प्रयोगमा खतरा रहेको भन्दै नेपाल सरकारले यस्को बिक्री वितरणमा रोक लगाउँदै आएको छ । यसलाई 'किचन बम'को संज्ञा दिइदै नेपाली बजारमा बिक्रिबितरण गर्न रोक लगाइएको छ ।

तर नियमनकारी निकायले नियमित बजार अनुगमन नगर्दा र अनुगमनको बेला पक्राउ परेका ब्यापारीहरुलाई कडा कार्वाही गर्न नसक्दा साना सिलिण्डरहरु फेरि छ्याप्छ्याप्ति देखिन थालेका हुन् ।

प्रदेश १ को व्यापारिक हव मानिएको इटहरीलाई व्यापारीहरुले साना सिलिण्डर बिक्री गर्ने मुख्य अड्डाको रुपमा लिँदै आएका छन् । हिन्दु नेपालीहरुको महान पर्व वडादशैँ, दिपावली र छठ नजिकिएसँगै इटहरी लगायत आपासका क्षेत्रहरुमा पुनःसाना आकारका सिलिण्डरहरु देखिन थालेका छन् । प्रहरी कार्यालयकै १०० मिटरको दुरीमा अवस्थित बजारबाट प्रतिबन्धित साना आकारका सिलिण्डरहरु खुलेआम बिक्रि वितरण भइरहँदा पनि प्रशासन भने मौन रहेको पाइएको छ । हेर्दा सानो र चिटिक्क देखिने तथा कम लागतमा उत्पादन र समय टिकाउने हुँदा कम आर्थिकस्तर भएका उपभोक्ताहरुले यस प्रकारका सिलिण्डरहरु प्रयोग गर्ने गरेका छन् ।




### यसरी भित्रिन्छ अवैध सिलिण्डर

भारतसँग जोडिएको खुल्ला सिमानाका कारण यस्ता सिलिण्डरहरु नेपाली बजारसम्म भित्रिने गरेका छन् ।नेपालका व्यापारीहरुसँग अग्रिम कन्ट्याक गरी रातको समयमा सुनसरीको भारतीय नाका हरीपुर, भुटाहा, कोशी ब्यारेज, भण्टावारी, जोगवनीलगायतका नाकाहरुबाट यस्ता अवैध सिलिण्डरहरु भित्रिने गरेका छन् ।कोरोना काल चलिरहँदा खुल्ला सिमाबाट यस्ता आकारका सिलिण्डरहरु भित्रिने गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले बताएको छ । गत वर्ष कोरोना संक्रमणको समयमा नाकाहरु ठप्प रहेको बेला खुल्ला सिमाबाट बिक्रिकालागि नेपाली बजार हरुमा ल्याउँद गरेको अवस्थामा २ दर्जन बढी साना आकारका सिलिण्डरहरु सशस्त्र प्रहरीले बरामद गरेको थियो । खुल्ला सिमाकै कारण कुन सामग्री कतिबेला भित्रिन्छ प्रशासनले समेत सुइको पाउने गरेको छैन । प्रयोगमा ल्याउँदा ज्यान जोखिम हुन्छ भन्ने जान्दा जान्दै पनि कम लागतमै खरिद गर्न सकिने भएपछि उपभोक्ताहरु पनि यस्ता सिलिण्डरप्रति आकर्षित हुने गरेका छन् ।यता यस विषयमा सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेश कुमार थापासँग सम्पर्क गर्दा उनले सबै बजारहरुमा प्रशासनको मात्र उपस्थित नरहने हुँदा स्थानीय स्तरका बजारको अनुगमनको जिम्मा स्थानीय सरकारको दायित्व रहेको बताए । उनले नाकामा हुने तस्करीका घटनाहरु गत वर्षको तुलनामा यो वर्ष निक कम भएको दाबी गरे ।

# रूपन्देहीमा विद्यालय खुल्न थालेपछि विद्यार्थी उत्साहित

**रेशम अधिकारी/मध्यान्ह**
रूपन्देही, २८ भदौ



कोरोना भाइरस संक्रमणका कारण चार महिनादेखि बन्द रहेका रुपन्देहीका विद्यालयहरु खुल्न थालेका छन् । वैकल्पिक विधिबाट सञ्चालित कक्षा प्रभावकारी नभएपछि रूपन्देहीका स्थानीय तहले स्वास्थ्य सावधानी अपनाउँदै कक्षा सञ्चालन गर्ने निर्णय गरेका थिए । विद्यालयले भौतिक दूरी कायम गर्दै र सिफ्टमा पठनपाठन गर्न थालेका छन् । रूपन्देहीको देवदह नगरपालिकामा पनि विद्यालयहरूमा भौतिकउपस्थितिमै पठनपाठन शुरु भएपछि विद्यार्थीहरू उत्साहित बनेका छन् ।

नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी विद्यार्थीको भौतिक उपस्थितिमाविद्यालय सञ्चालनमाल्याएको केरवानी माध्यामिक विद्यालयका सहप्रधानाध्यापक हरि पाण्डेले मध्यान्हलाई बताए ।विद्यालयमै उपस्थित भएर पढ्न पाएपछि विद्यार्थी खुसी भएको उनीबताउँछन्। देवदहस्थित केरवानी माविले भदौ २७ देखि विद्यालयमै कक्षा सञ्चालन गरेको हो । विद्यालय वरपरर शौचालयको सरसफाई, शुद्ध खानेपानीको व्यवस्थापन, अभिभावक र विद्यार्थीहरूसँग आवश्यक समन्वय, शिक्षकहरू विद्यालय पुगेर शैक्षिकसामग्रीहरूको आवश्यक तयारी गरेर पठनपाठन थालेको सहप्रधानाध्यापक पाण्डेले बताए ।

यता देवदहकै युग ज्योति माध्यमिक विद्यालयले पनि भौतिक रुपमा पठनपाठन शुरु गरेको छ । विद्यालयका शिक्षक दुर्गालाल तिवारीका अनुसार नगरपालिकाको निर्देशन अनुसार विद्यार्थीलाई बिहान ६ बजेदेखि ११ बजेसम्म एउटा सिफ्ट र साढे ११ देखि ४ बजेसम्म गरी दुई सिफ्ट सञ्चालन गरेर पठनपाठन शुरु गरिएको छ । तिवारीले भने 'हामीले विद्यार्थीको तापक्रम मापन गर्नुका साथै एउटा बेन्चमा दुईजना विद्यार्थीलाई मात्र राखेका छौं । विद्यार्थीहरूले पूर्णरुपमा स्वास्थ मापदण्ड पालना गरी अध्ययन गर्न शुरु गरेका छन् ।'

लामो समयदेखि कोरोना महामारीका कारण विद्यालय बन्द भएर अध्यापन गर्न नपाउँदा दुःख लागेको भन्दै देवदहको युग ज्योति माध्यमिक विद्यालयका कक्षा ६मा अध्ययनरत अनुज अधिकारीले विद्यालय सञ्चालनमा आएपछि खुशी भएको बताए ।

त्यस्तै, सुनवल नगरपालिकाको जन जगृत विद्यालयकी सुशिला भण्डारीले पनि विद्यालयमा गएर पढ्न पाउँदा र साथीहरूसँग भेट्न पाउँदा खुशी लागेको बताइन् । लामो समयदेखि विद्यालय बन्द हुँदा पढ्न नपाएर बसेका उनीहरु जस्ता विद्यार्थीहरू अहिले खुसी हुँदै विद्यालय जान थालेका छन् ।

देवदह नगरपालिकाले भदौ २७ गतेबाट विद्यालयहरूमा तालिका बनाएर स्वास्थ्य मापदण्डको पालना गरी पठनपाठन सञ्चालन गर्न निर्देशन दिएपछि नियमित रुपमा सबै कक्षाको पठनपाठन थालिएको हो ।

# जानकी गाउँपालिका – ६ बालविवाह मुक्त घोषणा

**पवन जायसवाल/मध्यान्ह**
बाके, २८ भदौ

बाँकेको जानकी गाउँपालिका वडा नं. ६ बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

बालविवाह मुक्त वडा घोषणा सभामा बोल्दै जानकी गाउँपालिका कार्यवाहक अध्यक्ष भूमिसरा धितालले बाँकेमै पहिलो पटक जानकी गाउँपालिकाको सबै वडा बालविवाह मुक्त घोषणा भएकोले अब गाउँपालिकालाई नै बालविवाह मुक्त घोषणा गर्न थालिएको बताइन् । उनले समाज परिवर्तनको लागि सबैको भूमिका महत्वपूर्ण रहेकोले समाजमा रहेका कु-संस्कार परिवर्तन गर्न सजक हुनुपर्नेमा जोड दिइन् । बालविवाह मुक्त घोषणा पछि पनि यस प्रति बालबालिका बढि सचेत हुन जरुरी रहेको उनको भनाई रहेको थियो ।



जानकी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बसबहादुर रानाले बलविवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्न सरोकारवाला निकाय सक्रिय रुपमा लाग्नु पर्ने बताए । बाँकेमा बालविवाह विरुद्धको अभियानमा सहकार्य गर्दै आएको सामाजिक सचेतन सरोकार मञ्च (स्याक) बाँकेका अध्यक्ष शिवलाल पाण्डेले बाँकेका आठ वटै गाउँपालिकामा तीन वर्षदेखि बालविवाह विरुद्धको अभियान सञ्चालन गरेको बताए । बालविवाह मुक्त वडा घोषणापछि पनि बालविवाह विरुद्धको अभियान र गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले वार्षिक सर्भे गरेर बालविवाहलाई शून्यमा झार्न जरुरी रहेको उल्लेख गरे । जानकी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष सुरेश यादवको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गाउँपालिका कार्यपालिका सदस्य राजकुमार धोवी, वडा नं. ६ का सदस्य रामनरेश मौर्य, संस्थागत विकास सञ्जालका रणनीतिक सल्लाहकार बालकृष्ण महर्जन, त्रिवेणी विकास समाजका अध्यक्ष द्वारीकला महरा, कार्यक्रम संयोजक मिश्रीलाल यादव, पतिराम थारु लगायतले बालविवाह मुक्त समाज निर्माण गर्न नागरिक समाजको साथ र सहयोगको खाँचो भएको औँल्याएका थिए । वडा नं. ६ जानकी गाउँपालिकाका ६ वटै वडा अब बालविवाह मुक्त घोषणा भएका छन् ।

# 'राष्ट्रिय बाल अधिकार सम्मान २०७८' नुपुर भट्टाचार्यलाई

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २८ भदौ

राष्ट्रिय मानव अधिकार आयोग, बाल अधिकार समिति र रेटिफाई कोलिसन नेपालको संयुक्त आयोजनामा आयोजित बालअधिकार महासन्धिको वृहत समीक्षा कार्यक्रममा बाल अधिकारकर्मी नुपुर भट्टाचार्य 'राष्ट्रिय बाल अधिकार २०७८' बाट सम्मानित भएकी छन् ।

चाइल्ड नेपालका अध्यक्ष डा. कृष्ण सुवेदीले विषय प्रवेशसँगै विभिन्न विषयमा चिरफार गर्नुका साथै सहायक प्राध्यापक कपिल अर्यालले बालअधिकार महासन्धिमाथि नेपाल सरकारलाई प्राप्त टिप्पणीको कार्यान्वयनमा भएको प्रगती प्रस्तुत गरेका थिए ।

खुला छलफलमा सहभागी सरकारी निकायका प्रतिनिधिहरु र अधिकारकर्मीहरुले प्रस्तुत विषयमा विचार विमर्श गरे भने राष्ट्रिय बाल दिवस २०७८ का अवसरमा आयोजित कार्यक्रमले बालअधिकार संरक्षणका लागि नेपाल सरकार र नागरिक समाजको दायित्वका सम्बन्धमा विशेष छलफल गरी मार्गनिर्देश गर्ने बताए ।

कार्यक्रममा सहभागीहरुको विचारलाई संस्लेषण गर्दै आयोगका अध्यक्ष तप बहादुर मगरले कार्यक्रम समापन गरेका थिए ।


## UAE मा बैदेशिक रोजगारको अवसर

**1. COMPANY : TMAX ON DEMAND LABORS SUPPLY, UAE, DUBAI**
पूर्व स्वीकृत मितिः २०७८/०५/२७ चलानी नं.: ६०१६२८५३ LT. No.: 245428

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 20 | 10 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger | 70 | 0 | | 1000 | ३१,९४० | | | | | | | |

**2. COMPANY : VALTRANS TRANSPORTATION SYSTEMS AND SERVICES LLC, UAE**
पूर्व स्वीकृत मितिः २०७८/०५/२७ चलानी नं.: ६०१६२८५२ LT. No.: 245429

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Traffic Sign Controller | 200 | 0 | स. कामामा दक्ष | 1350 | ४३,११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०७८ असोज ५ गते (21 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- 4982553, E-mail : pro@anjalioverseas.com.np

## कतारमा रोजगार | कम्पनी : WEST FIELD ENGINEERING & CONSTRUCTION CO.
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२८ चलानी नं.: ६०१६२९७० L.T. No.: 245408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 6 | 0 | | 1400 | ४५,०९४ | | | | | | | |
| 3. | Carpenter | 20 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |
| 4. | MASON | 11 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |
| 5. | PLUMBER | 7 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |
| 6. | REINFORC FITTER | 18 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |
| 7. | Electric | 7 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |
| 8. | Labourer | 20 | 0 | | 1000 | ३२,२१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ५ गते (21 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com


## Invitation for Quotations

**Shivasatakshi Municipality**
**Office of Municipal Executive**
**Province 01, Jhapa**
**Date of publication: 2078/05/29(14-sep-2021)**

1. The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Estimated Amount (without VAT) | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| SM/SQ/03/2078/79 | Procurement of Chaff cutter | 6,60,000 | 1000.00 | 20,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Byangdada,Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the Shivasatakshi Municipality Byangdada,Jhapa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2078/06/12(28-sep-2021) during office hours.
4. Sealed bids must be submitted to the office Shivasatakshi Municipality by hand or Courier on or before 12:00 noon on 2078/06/13(29-sep-2021). Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, 2078/06/13 (29-sep-2021). the office of Shivasatakshi Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. 3140010000161 on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Birtamod Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
Or
Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. Xerox copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## सम्पादकीय

# ध्रुवीकरणको नोक्सानी

अहिले नेपालको राष्ट्रिय राजनीति अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अनुमोदन गर्ने वा नगर्ने भन्नेमा ध्रुबिकरण भएको छ । यो ध्रुबिकरण कायमै रहँदा एमसीसीका उपाध्यक्ष फातिमा सुमार नेपाले नेपाल भ्रमण गरी शीर्ष नेतृत्वसँग भेटवार्ता समेत गरिन् । उनी नेतृत्वको टोलीले प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मा, उर्जामन्त्री पम्फा भुसाल, प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, सत्ता साझेदार दलहरू नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल लगायत नेताहरूसँग भेटवार्ता गरेको थियो । तर कुनैपनि नेताले एमसीसी पारित हुन्छ वा हुन्न भन्ने प्रष्ट पारेनन् । बरू, सुमार आफैले सकारात्मक बनेको प्रतिक्रिया दिइन् ।

बरू, प्रचण्ड र माधव नेपाल लगायत नेताहरूले नेपालको अहित हुनेगरी एमसीसी अनुमोदन नहुने सार्वजनिक अभिव्यक्ति दिएका छन् । एमाले अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओलीले कुनै प्रष्ट निर्णय दिएनन् । सत्तारूढ दलहरूको निर्णय हेरेर निर्णय लिने ओलीको भनाइ थियो । नेपाल आउनासाथ ओलीलाई सुमारले पहिलो भेट दिएकी थिइन् । एमसीसी अनुमोदन गर्ने पक्षमा ओलीले यसअघि अगुवाइ गरेका थिए । तर साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रै सहमति जुटाउन सकेनन् । नेकपाको केन्द्रीय कमिटीले एमसीसी अध्ययन गर्न कार्यदल बनायो । कार्यदलले संशोधन सहित पारित गरिनुपर्ने निष्कर्ष निकाल्यो । कार्यदलको यो सुझाव पछि एमसीसी त अनुमोदन भएन, तर नेकपा विभाजित हुन पुग्यो ।

त्यसैबेला देखिको एमसीसीबारे भएको ध्रुविकरण अहिले पनि कायमै छ । अर्थात् केही वर्ष यता राजनीतिक कायम ध्रुबिकरणले स्थायी रूप लिन पुगेको छ । यो ध्रुबिकरणले सत्तारूढ दल काँग्रेसमा एकमत छैन । सभापति देउवा र संस्थापन इतर नेताहरू बीच मतभेद कायमै छ । देउवा, ओली, महन्थ ठाकुर, कमल थापाहरूको निकटता एकातिर देखिन्छ भने अर्कातिर फरक ध्रुबिकरण कायम छ । यसरी बनेको राजनीतिक ध्रुबिकरण एमसीसीबारे मात्रै नभएर अन्य विषयवस्तुमा समेत कायम छ । प्रचण्ड, माधव नेपाल, उपेन्द्र यादवहरूकै पक्षमा काँग्रेसका संस्थापन इतर पक्षका नेताहरूको झुकाव बढी देखिन्छ । राजनीतिक ध्रुबिकरण बढ्दै जाँदा नेकपा र त्यसपछि एमाले विभाजित भइसकेको छ भने जनता समाजवादी पार्टी (जसपा) विभाजित बनेको छ । काँग्रेसभित्रको संकट झनै चुलिदो छ । यसको असर भने मुलुकमाथि परेको देखिन्छ । जसलाई रोक्दै विषयवस्तु, संविधान र नेपाली जनताको हितमा आधारित पक्षधरता जरूरी छ ।

## सामाजिक सञ्जाल



दुईपांग्रे वा चारपांग्रे, विद्युतीय सवारीमा निर्भर हुनेगरी पुर्वाधार तयार छैनन् । तुरून्तै भैहाल्ने पनि देखिन्न । यो बेलामा विद्युतीय सवारीमा अकर्षण गर्ने भनेर कर बढाउने कुरा उचित होइन । राज्यबाट पाउने सुविधाको तुलनामा नेपाली जनतालाई त्यसैपनि ओभर टेक्सेसन (क्षमताभन्दा बढि कर) भैसकेको छ ।

\- चन्द्रमणि अधिकारी



चीनसँगको हवाई यातायात महिनौंदेखि बन्द छ । एउटा सीमा नाका भूइँचालो आएदेखि नै बन्दजस्तै छ, अर्को पनि राम्ररी नचलेको कति भयो कति । यो अघोषित नाकाबन्दीले धेरै उद्योगको ढाड खुस्किएको छ । सरकार त सरकारै भयो, जहिल्यै थर थर ! मिडियालाई एमसीसीबाट अब फुर्सद भयो होला, यता आँखा लाऊँ है !

\- जुगल भुर्तेल




हाम्रो विश्वास हाम्रा नेताहरूप्रति गुमेको हो । आफ्नै नेतालाई विश्वास नगर्नेहरूले दोस्रो देशलाई विश्वास गर्न कठिन हुन्छ भन्ने बुझेको छु । प्रोजेक्ट आउनु राम्रो हो, रोजगार सिर्जना हुन्छ । समस्या नेताहरूले अर्को मेलम्ची जस्तो ढिलो बनाउछन् र वैदेशिक चलखेल बढ्न सक्छ भन्ने हो ।

\- प्रकाश भण्डारी



देशको यो भयंकर षडयन्त्र र नियतिको बारेमा शायद नौलो जनवादका नायक मदन भण्डारी पनि आफ्नो छोटो जीवनायुमा प्रष्ट भएका थिएनन् । तर, राजा र उनी दुवै राष्ट्रको सर्वोत्तम हितको निम्ति राष्ट्रिय मेलमिलापको नीतिको प्रभावशाली पक्षधर रहेका थिए । दुवै आहूतिमा परेका नै यही एक कारणले हो ।

\- महेन्द्रप्रसाद पोखरेल



एउटा मन्त्रीलाई दर्जनौं गाडी, एउटा मन्दिरमा सयौं किलो सुन, एउटा प्रदेशमा दर्जन मन्त्री, एउटा प्रोजेक्टमा ५२ अर्ब रूपैयाँ ! गाडीदेखि सुन, कार्यकर्तादेखि कालो धन, सेटिङ्ग गर्ने आइडिया ! चोरको सय चाल यत्तिकै भन्या हैन !

\- निर्मल प्रसाईँ

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com


# खोप वितरणमा उठेको प्रश्न

संविधान, नीति तथा योजनाका मूल मर्मलाई आधार मानेर स्वास्थ्य क्षेत्रको विकास र विस्तार गर्ने हो भने आम् नागरिकहरु स्वास्थ्यको पहुँचबाट बञ्चित हुनुपर्ने अवस्था रहँदैन ।



● झलक शर्मा

मानव अस्तित्वलाई संकटमा पार्ने आकंलन गरिएको कोरोना भाइरसको संक्रमणलाई अझै पनि विश्वले नियन्त्रण गर्न सकेको छैन । यस संक्रमणलाई नियन्त्रण गर्न धेरै राष्ट्रले लकडाउन तथा निषेधाज्ञाको विधि अवलम्बन गरे । भाइरसको निधानका लागी कुनै पनि औषधी तयार नभएको कारण आम मानिस घर भित्रै थुनिनु पर्ने अवस्था आयो । मानिसले मानिसबाट नै डर मान्नु पर्ने स्थितिले समाजलाई आक्रान्त पाऱ्यो । दोश्रो भेरियन्टले भारत र नेपाललाई नराम्रोसँग गाँजो । नागरिक चेतनाको अभाव, अव्यवस्थित शहरीकरण, राजनीतिक दलका सभा सम्मेलन, जुलुसलगायतका भीडभाडका गतिविधिले गर्दा नेपालमा कोरोना भाइरसको संक्रमण तिव्ररुपमा बढ्दै गयो । कोरोना भाइरसविरुद्धको खोपको विकास र यसको प्रयोगसँगै नेपालले पनि आफ्ना नागरिकलाई खोप सेवा प्रदान गर्दै आएको छ । तर खोप सेवा समन्यायिक तवरबाट वितरण हुन सकेको छैन भन्ने कुराको जनगुनासो रहेको छ ।





अहिले गुनासो सोर्स फोर्सबाट खोपको दुरुपयोग भएको भन्ने छ । सरकारले लक्षित समूहहरु छुट्याए पनि त्यसमा लक्षित समूहको पहुँच पुगेको छैन । स्थानीय तहहरुले खोप सञ्चालन गर्ने कार्यक्रमको सूचना सहजरुपमा नागरिक समक्ष पुगेको छैन । नगरपालिका तथा गाउँपालिकाका वडा, स्वास्थ्य चौकिमा राजनीतिक दलका कार्यकर्ता, आफ्नो नातेदार वा त्यस क्षेत्रमा पहुँच पुगेकाले सूचना पाउने तर अन्य नागरिकलाई सूचना प्रवाह एउटा झारा टार्ने मात्र काम बन्दै गएको छ । खोपबारे सूचना तथा जानकारी लिन जाँदा अपुरो, अपरिपक्व जवाफ बेहोर्नु परेको स्थिति छ । नागरिकहरु स्वयम् सचेत भई इन्टरनेटको माध्यमबाट विभिन्न सूचना खोज्ने वा प्राप्त गर्ने गरेता पनि कैयौं प्रविधिसँग घुलमिल हुन नसकेका नागरिकलाई सूचना प्राप्त गर्न धौ-धौ हुने गरेको छ ।

स्थानीय तहहरुले खोपबारे जानकारीका लागी माइकिङ्ग गर्ने, पर्चा बाँड्ने, सबैले देख्ने ठाउँमा सूचना टाँस्ने कार्य गर्न हेलचक्राँई गरेको देखिन्छ । वडा कार्यालयमा सूचीकृत टोल सुधार समितिलाई खोप वितरणको सूचना प्रवाह गर्न जिम्मेवारी किटान नगरेको देखिन्छ । अझ भन्ने हो टोल सुधार समितिलाई स्वयंसेवी कार्यमा जुटाउन सकेको देखिएन । कतिपय जनतालाई खोपको उपयोगिता बारेमा नै जानकारी छैन । खोप लगाएपछि भावि दिनमा विभिन्न समस्या आइपर्छ भन्ने कुप्रचार, अप्रमाणित एवं अवैज्ञानिक प्रचारले मानिसमा डर पैदा गराएको छ । वाच डगको रुपमा रहेको नागरिक समाजको भूमिका पनि सकारात्मक हुन सकेको छैन ।

खोप वितरण केन्द्रको हातामा सामाजिक दुरी पालना गरिएको तर हाता बाहिर लाइन वा पङ्क्तिमा बसेको भीडमा सामाजिक दुरी पालना गराउन नसकेको वा बेवास्ता गरिएको देखिन्छ । खोप वितरणको परिमाण, लक्षित समूह, खोप लगाउन आउदा पेश गनुपर्ने कागजातहरु, निर्धारित समय, लाइन बस्दा अपनाउनु पर्ने सामाजिक दुरी तथा विधि, लगायतका विविध जानकारीलाई स्पष्ट पार्न सकेको पाइदैन । कतिपय मानिसहरु खोप लगाउन पाइन्छ भन्ने आशामा घण्टौँसम्म लाइनमा बसेको तर खोप लगाउन नपाएको स्थिति छ । फगतमा लाइनमा बस्नुपर्ने र सो दिनमा खोप नपाए अन्य दिनमा खोप पाइन्छ कि पाइदैन भन्दा खोप वितरण केन्द्रबाट थाहा छैन, सम्बन्धित वेबसाइट, फेसबुक पेज हेर्नुहोस् भन्ने सल्लाह आउँछ । तर, ति सम्बन्धित केन्द्र, कार्यालय वा स्थानिय तहका वेबसाइट, फेसबुक पेजमा सूचना देख्न सकिदैन । खोजतलास गरी सूचना खोज्दा पुरानै सूचना भेटिने हुदा सूचनाको अद्यावधिक गरेको पाइदैन । एक स्थानीय तहमा बसिरहेको स्थायी वा अस्थायी मानिसहरु भनसुनका आधारमा अर्को स्थानीय तहमा गएर खोप लगाउने गरेको पाइन्छ । आफू बसिरहेको स्थानीय तहमा खोपको उपलब्धताको अनिश्चताले सोर्सफोर्स र भनसुनको माध्यम अपनाउने गरेका छन् ।

> कतिपय जनतालाई खोपको उपयोगिता बारेमा नै जानकारी छैन । खोप लगाएपछि भावि दिनमा विभिन्न समस्या आइपर्छ भन्ने कुप्रचार, अप्रमाणित एवं अवैज्ञानिक प्रचारले मानिसमा डर पैदा गराएको छ ।

खोप वितरणमा स्थानीय संघ संस्था, नागरिक समाज तथा आम् नागरिकसँग समन्वय नगर्दा पहुँचवालाहरुले खोपको दुरुपयोग गरेको देख्न पाइन्छ । लोकतान्त्रिक शासन प्रणालीमा जनतालाई नै सबैभन्दा माथि राखेर शासन गरिन्छ तर, यस्तो स्वास्थ्य प्रतिकूल अवस्थामा निमूखा जनता नै उपेक्षामा परेको देखिन्छ । कोभिड फोकल पर्सनबाट नै खोपको दुरुपयोग भएको घटना पनि बाहिरिएको छ । उच्च अहोदामा रहेका परिवार, नातागोता र राजनीतिक दलका नेता तथा कार्यकर्ताले कुनै लक्षित समूहमा नपरी सहजरुपमा खोप पाउने तर गरिब जनता त्यसबाट बञ्चित हुनुपर्ने अवस्था सृर्जना भयो । अझै पनि धेरै नागरिकले यस्तै असमानता र बेखबरबाट नै खोपको पहिलो डोज/मात्रा लगाउन पाएका छैनन् । खोप सेवालाई समन्यायिक तवरबाट उपलब्ध गराउन स्थानीय तहहरु जागरुक हुन सकेको देखिँदैन ।

नेपालको वर्तमान संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन र प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भनि उल्लेख गरेको छ । संविधानकै अनुसूची ९ मा स्वास्थ्य सेवाको व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा राखिएको छ । यिनै तहहरुले खोप सेवालाई प्रभावकारी बनाउन समन्वयगत भूमिका निर्वाह गर्नुपर्दछ भने स्थानीय तहलाई बढी जिम्मेवार बनाउनु आवश्यक छ । राष्ट्रिय स्वास्थ्य नीति २०७६ को लक्ष्य संघीय संरचनामा सबै वर्गका नागरिकका लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच उपभोग सुनिश्चित गर्ने रहेको छ । चालु १५ औं योजनामा स्वास्थ्यसम्बन्धि कार्य नीतिमा रोगको भार तथा लागत प्रभावकारिताको आधारमा समयानुकुल खोप सेवाहरु प्रदान गरिनेछ । त्यसैगरी खोप सेवालाई दिगो बनाउन खोप कोषलाई सुदृढ बनाइनेछ भन्ने कुरा उल्लेख गरिएको छ । संविधान, नीति तथा योजनाका मूल मर्मलाई आधार मानेर स्वास्थ्य क्षेत्रको विकास र विस्तार गर्ने हो भने आम् नागरिकहरु स्वास्थ्यको पहुँचबाट बञ्चित हुनुपर्ने अवस्था रहँदैन ।

सरकारले खोप वितरणका लागी आवश्यक सम्पूर्ण तयारी गर्ने, यसको निरन्तर अनुगमन एवं निगरानी गर्नु आवश्यक हुन्छ । कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्न सरकारी निकाय सरोकारवाला पक्ष एवं आमजनसमुदायको समन्वयबाट नै यस भाइरसको संक्रमण तथा फैलावटलाई रोक्न सकिन्छ । सबै नागरिकमा सूचनाको पहुँच पुग्ने खालको स्वास्थ्य सूचना प्रणालीलाई आधुनिकीकरण गर्दै प्रभावकारी बनाउनु पर्छ । खोपबारे अफवाह तथा भ्रामक समाचारबाट जोगिनु पनि आवश्यक छ । राज्यले नागरिकप्रति स्वास्थ जनचेतना अभिबृद्धि गर्ने र नागरिकले पनि सरकारले उपलब्ध गराएको स्वास्थ्य सेवाको बारेमा चासो बढाउनु आवश्यक छ ।

खोप केन्द्रलाई व्यवस्थित बनाउन स्वास्थ्यकर्मी, कर्मचारीलाई तालिम प्रदान गरी सेवालाई प्रभावकारी बनाउन उपयुक्त कदम चाल्नु पर्दछ । जसले गर्दा असल आचरण परिपालना गरी नागरिकप्रति उपयुक्त व्यवहार देखाउन सकियोस् । केही दिन यता कोरोना भाइरसको संक्रमणमा केही कमी आएता पनि यसमा पुऱ्याउनुपर्ने सावधानी नअपनाइएको खण्डमा पुनः संक्रमण फैलिनेमा आकंलन गर्न सकिन्छ । तसर्थ कोरोना भाइरस प्रति सचेत, सजग र सुरक्षित हुदै विश्व स्वास्थ्य संगठनले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गर्नु आवश्यक छ । जनअपेक्षाकृतरुपमा कोरोना भाइरस विरुद्धको खोप सेवालाई सबै नागरिकको पहुँच र एकरुपता कायम गर्नुपर्दछ । विशेषत हिन्दु नेपालीहरुको चाडपर्वहरु नजिकिँदै गरेको अवस्था र सँगै अत्याधिक वर्षाका कारण विपद्का घटना पनि बढ्दै गएको अवस्था छ । विपद्बाट विस्थापित भएका व्यक्तिको उद्धार गर्ने तथा सुरक्षित स्थानमा सामूहिकरुपमा बसोवाबास गराइएको क्षेत्र बढी भिडभाड हुने र विभिन्न सर्ने रोगको जोखिम हुने भएकोले विपद्मा परेकालाई प्राथमिकतामा राखी कोरोना भाइरस विरुद्धको खोप सञ्चालन गर्नु उपयुक्त हुन्छ । जसले सामूहिकरुपमा बसेका समुदायमा कोरोना भाइरसको संक्रमणको फैलावटलाई रोक्न सकोस ।

इमेल : sharmajhalakpkr@gmail.com

# मन्त्रिपरिषद् विस्तारमा देखिएको सकस

देउवाले आफूलाई सफल प्रधानमन्त्रीको रुपमा चिनाउनका लागि छिट्टै नै प्रभावकारी ढंगबाट कामकारबाहीलाई अगाडी बढाउनुपर्ने हुन्छ । त्यसका लागि मन्त्रिपरिषद विस्तार नै उनको मुख्य दायित्व हुन आउँछ । मन्त्रिपरिषद विस्तार नगरीकन सरकारले सामान्य अपेक्षाअनुरुप पनि काम गर्न सक्ने अवस्था छैन् ।



● दिनेश अर्याल

सर्वोच्च अदालतको परमादेशबाट गत असार २९ गते प्रधानमन्त्रीको नियुक्ति खाएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दुई महिना पुरा हुँदै गर्दा पनि मन्त्रिपरिषदलाई विस्तार गर्न सकेका छैनन् । मन्त्रिपरिषद विस्तार गर्न भन्दै हालसम्म सत्ता गठबन्धनका दर्जनौं बैठक बसिसकेका छन् । तर हालसम्म पनि मन्त्रीहरुको टुंगो लाग्न सकेको छैन । कुनै-कुनै बैठक मूल विषयमा प्रवेश नगरिकन सकिएका छन् ।

मन्त्रीहरुको नाम छनोट गर्ने जिम्मेवारी संसदीय दलका नेताहरुले पाएका छन् । तर पार्टीभित्रका नेताहरुको भागबण्डा मिलाउन नसकेका कारण अहिलेसम्म मन्त्रिपरिषद विस्तार हुन नसकेको पनि उत्तिकै चर्चा रहेको छ । प्रधानमन्त्री शेरबहादुरलाई यतिबेला सबैले सोधेको प्रश्न हो - मन्त्रिमण्डल कहिले विस्तार हुन्छ ? सरकार गठन भएको दुई महिना पुग्दासम्म क्याबिनेटमा देउवासहित जम्मा ५ मन्त्रीहरू छन् । प्रतिपक्षी दल नेकपा एमालेले यही विषयलाई लिएर देउवामाथि आलोचनाको तारो सोझ्याएको छ भने सत्ता गठबन्धन दलकै नेताहरूले असन्तुष्टि पोख्न थालिसकेका छन् ।

तत्कालीन नेकपा एमालेका २२ जनाबाट विश्वासको मत पाएका देउवाले एमाले एकजुट हुँदा अल्पमतमा परिने डर थियो । त्यसैले एमालेलाई फुटाउनका लागि देउवाले अध्यादेश जारी गरे । उनले जारी गरेको अध्यादेशबाट एमाले र जसपा दुवै फुट्न पुग्यो । एमाले विभाजन भएर माधव नेपालको नेतृत्वमा नेकपा एकीकृत समाजवादी पार्टी बन्यो भने जसपा पनि विभाजित भयो ।

अध्यादेशको बाछिटा सत्ता गठबन्धन दलमा पनि देखिने संकेत पाएपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', जसपा अध्यक्ष उपेन्द्र यादव, एकीकृत समाजवादी दलका अध्यक्ष माधवकुमार नेपाल र जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीकै सहमतिमा तत्काल मन्त्रिमण्डल बिस्तार नगर्ने निर्णय देउवाले लिएका छन् ।

हालसम्म मन्त्रिपरिषद विस्तार हुन नसक्नुको कारण अध्यादेश नै हो । अहिले गठबन्धनमा रहेका नेताहरु मन्त्री बन्न इच्छा देखाएका छन् । नेकपा माओवादी, जसपा, माधवकुमार नेपाल नेतृत्वको नेकपा एसलगायत अन्य पार्टीका नेताहरु अहिले मन्त्री बन्ने लोभमा रहेका छन् । संविधानअनुसार जम्मा मन्त्रालय २५ वटा बनाउन पाइन्छ तर सबै नेताहरुको माग सम्बोधन गर्नतर्फ लाग्ने हो भने मन्त्रालयले भार थेग्न सक्दैन ।

मन्त्रिपरिषद विस्तारमा कांग्रेसलाई आफ्नै पक्षले सहयोग गरेको छैन । कांग्रेसको रामचन्द्र पौडेल पक्षले आफूले भनेको मन्त्रालय नपाए सरकारमा नजाने संकेत गरेको छ ।

आफूले भनेको मन्त्रालय नपाए राष्ट्रपतिले ल्याएको अध्यादेश प्रयोग गरेर दल फेरी विभाजन हुन् सक्ने सम्भावना पनि उत्तिकै रहेको छ । ५ सांसद पर्याप्त भए उपेन्द्र यादव नेतृत्वको जसपा देखिएको छ । त्यसैले अहिले नै प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्री बनाए भने असन्तुष्ट पाँच जना मिलेर अर्को पार्टी बनाउन सक्ने सम्भावना पनि उत्तिकै देखिएको छ । जसपालाई फुट्न मन छैन त्यसैले उक्त पार्टी पनि अध्यादेश निष्क्रिय होस् भन्ने चाहन्छ ।

माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी पार्टीमा पनि मन्त्री बन्न खोज्नेहरुको लाइन देखिन थालेको छ । देउवाले हतार गरेर मन्त्री बनाउनेतर्फ लागे भने यता नेकपा एसमा झन् ठुलो जोखिम हुने देखिएको छ ।

मन्त्रिपरिषद विस्तार गर्न नसक्दा देउवामाथि अहिले चौतर्फी दबाब आउन थालेको छ । सर्वोच्च अदालतले साथ दिएपछि ओली बालुवाटारबाट बालकोट पुगेका थिए । देउवासँग यतिबेला ओलीको 'प्रतिगमन'लाई सच्याएर प्रधानमन्त्री बनेको हुँ भन्ने मात्र छुट छैन । अहिले प्रतिपक्षका नेताहरुले सरकार ढल्ने कारण देउवाले मन्त्रिपरिषद विस्तार गर्न नसकेको आरोप लगाउँदै आएका छन् ।

अहिले सरकारमा उर्जामन्त्रीका रूपमा पम्फा भुसाल, अर्थमन्त्रीका रूपमा जनार्दन शर्मा, गृहमन्त्रीका रूपमा बालकृष्ण खाण र कानूनमन्त्रीका रूपमा ज्ञानेन्द्रबहादुर कार्कीलाई मात्र लिएर देउवाले सरकार चलिरहेका छन् । धेरै मन्त्रालय मन्त्रीविहीन रहेका छन् । कोरोनाका बेलामा स्वास्थ्य मन्त्रालयमा स्वास्थ्यमन्त्री नभएको भन्दै धेरैले आलोचना गरिरहेका छन् ।

शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, रक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात जस्ता महत्वपूर्ण मन्त्रालय अझै पनि मन्त्रीबिहीन रहेका छन् । यस्तो अवस्था लामो समयदेखि कायम रहेको हुँदा दैनिक प्रशासनिक कामहरु प्रभावित भएका छन् । यसको विषयमा जनताको गुनासो प्रधानमन्त्रीको कानमा परेको छ ।

देउवाले आफूलाई सफल प्रधानमन्त्रीको रुपमा चिनाउनका लागि छिट्टै नै प्रभावकारी ढंगबाट कामकारबाहीलाई अगाडी बढाउनुपर्ने हुन्छ । त्यसका लागि मन्त्रिपरिषद विस्तार नै उनको मुख्य दायित्व हुन आउँछ । मन्त्रिपरिषद विस्तार नगरीकन सरकारले सामान्य अपेक्षाअनुरुप पनि काम गर्न सक्ने अवस्था छैन् । मन्त्रिपरिषद विस्तार गर्न नसकेर सत्ता गठबन्धनकै नेताहरुबाट बारम्बार आलोचना खेपिरहेका देउवा अब कछुवाको गति हैन गति बढाएर छिट्टै नै मन्त्रिपरिषदलाई पूर्णता दिनैपर्छ । नत्रभने देउवालाई यही प्रश्नले गिज्याइरहनेछ, 'मन्त्रिमण्डल कहिले विस्तार हुन्छ ?'

# नेपाल-चीन सीमा अध्ययन समितिको टोली हुम्लाको लिमीमा



**काठमाडौं/मस**–नेपाल-चीन सीमामा पर्ने हुम्लास्थित सीमास्तम्भहरुको अध्ययन समितिको टोली लिमीको लाप्चा पुगेको छ । टोली सिमकोटबाट गाडीबाट लाप्चा पुगेको हो ।

लाप्चाबाट पैदल हिँडेर टोलीले पाँच हजार मिटर अग्लो स्थानमा रहेका सीमास्तम्भहरुको स्थलगत अध्ययन गर्नेछ। चीनले लाप्चासँगै रहेको लोलुङ जोङमा भौतिक संरचना बनाएको छ। त्यो संरचना नेपाली भूमिमा निर्माण गरिएको भन्दै विरोध हुँदै आएको छ ।

लाप्चामै चीनले एकतर्फी रुपमा नम्बर पिलर पुर्ननिर्माण गरको भन्ने विषयमा पनि टोलीले अध्ययन गर्नेछ । टोलीले टाकुलेको एघार नम्बर पिलरको अवलोकन गर्ने तयारी छ। लिमीका स्थानीयसँग पनि टोलीले प्रत्यक्ष छलफल गर्ने तयारी गरेको छ । टोलीको नेतृत्व सरकारले गठन गरेको अध्ययन टोलीका संयोजक सहसचिव जयनारायण आचार्यले गरेका छन् । टोलीमा आचार्यसँगै उमेशराज जोशी, किशोरकुमार श्रेष्ठ, प्रदीपकुमार पाल, सुशील डंगोल, दयानन्द जोशी र कपिल कटवाल रहेका छन् ।

सरकारले १६ भदौमा हुम्लाको नाम्खा गाउँपालिकाको लिमी, लाप्चादेखि हिल्सासम्मको सीमा क्षेत्रको समस्या सम्बन्धमा उठेका प्रश्न सम्बोधन गर्न समिति गठन गरेको थियो ।

# खड्का र कुँवरको ‘शल्यक्रिया’ विमोचन



**काठमाडौं/मस**– लेखक सञ्जय खड्का र लोग्शरी कुँवरद्वारा लिखित ‘शल्यक्रिया’ नामक पुस्तक विमोचन गरिएको छ। परिवर्तनका लागि सहकार्य नेपालद्वारा सोमबार एक कार्यक्रमकाबीच बोक्सीप्रथामा केन्द्रित रहेर गरिएको अनुसन्धानात्मक पुस्तक ‘शल्यक्रिया’को विमोचन गरिएको हो ।

कार्यक्रममा महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले अहिले पनि बोक्सीको आरोपमा कुटपिट गर्नु, दिसापिसाब खुवाउनु, गाली बेइज्जती गर्नु दुःखद् विषय रहेको बताइन्। समाजमा अहिले भइरहेका विभिन्न किसिमका महिला हिंसाका घटना कम गर्न सामहिक आवाज बनाएर अघि बढ्नुपर्ने उनको जोड थियो ।

कार्यक्रममा सामाजिक अभियानकर्मी राधा पौडेलले सबै जाति, वर्ग, लिङ्ग र राजनीतिक दलसमेतको सामूहिक आवाज बनाउन सके हाल समाजमा घटिरहेका कुरीतिका घटना कम गर्न सकिने बताइन् ।

अधिवक्ता शशी बस्नेतले मानसिक परिवर्तन नआएसम्म यस्ता किसिमको घटना घटिरहने र हाम्रो समाजमा हजारौं निर्मला पन्त बलात्कृत र मृत्यु भइरहने बताइन्।

बोक्सीको आरोप लगाएपछि पर्ने मानसिक असरले पारिवारिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिकरूपमा पनि ठूलो समस्या आउने भन्दै त्यसबारे पनि अध्ययनको आवश्यकता रहेको चेन्ज एक्सन नेपालका अध्यक्ष इन्दिरा घलेले बताइन् ।

एक सय ६७ पाना रहेको उक्त पुस्तकमा नेपालमा बोक्सी प्रथा, विश्वमा बोक्सी हिंसाका घटना, मन्त्रशास्त्र, धर्मशास्त्र, धामी झाँक्रीको इतिहास, अन्धविश्वास र प्रथा साथै यस विषयमा गरिएको वैज्ञानिक विश्लेषण र बोक्सी आरोप, यातना कारण र असरका बारेमा उल्लेख गरिएको छ । लेखकद्वय खड्का र कुँवरले अझै पनि समाजमा पिछडिएका वर्ग नै हिंसामा पर्ने गरेको मुख्य विषयवस्तु आफ्नो पुस्तकको रहेको बताए ।

**लक्षित बचत तथा ऋण सहकारी संस्था लि.**
पुरानो बानेश्वर काठमाडौं, फोन नं: ४४७९०७०, ४४७९३७०

**वार्षिक साधारण सभाको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०५/२९**

यस संस्थाको मिति २०७८ साल भाद्र २५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको बाह्रौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**सभा हुने मिति, स्थान र समयः**
**मितिः** २०७८/०६/२० गते बुधबार
**स्थानः** संस्थाको कार्यालय, पुरानो बानेश्वर, काठमाडौं
**समयः** दिनको ११:०० बजे

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **चाँदनी म्यानेजमेन्ट सर्भिस प्रा.लि. (ई.प.नं. ८३४)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १०** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३, बसुन्धरा** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## १२ औं बार्षिक साधारण सभा २०७८ सम्बन्धि सूचना !!

प्रकाशित मितिः २०७८/०५/२९

यस संस्थाको मिति २०७८/०४/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तल उल्लेखित बिषयहरु उपर विस्तृत छलफल गरि निर्णय गर्न निम्न मिति,समय र स्थानमा १२ औं बार्षिक साधारण सभा २०७८ कोरोना भाइरस (कोभिड १९)को महामारीलाई मध्यनजर गदै सामाजिक दुरी कायम गर्दे १५ दिन सम्ममा बार्षिक साधारण सभा कार्यक्रम सम्पन्न गर्नुपर्ने भएको हुँदा तपशिलमा उल्लेख गरिएको तालिका अनुसार संस्थाको कार्यालयमा उपस्थितिको लागि विनम्र अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु**

१. सञ्चालक समितिको तर्फबाट आ.व. २०७७/०७८ को कार्य प्रगति प्रतिबेदन सस्थाका अध्यक्ष ज्यू बाट प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
३. आ.व २०७८/०७९ को आय व्यय तथा अनुमानित विवरण सहितको बार्षिक बजेट प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।
४. आ.व २०७७/०७८ को खुद मुनाफा मध्येबाट शेयर सदस्यहरुलाई शेयर लाभांश वितरण गर्ने सम्बन्धमा ।
५. शेयर सदस्यहरुको तर्फबाट साधारण सभा २०७८ निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
६. सञ्चालक समितिको कार्यप्रगति,आर्थिक तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल गर्ने सम्बन्धमा ।
७. आ.व २०७८/०७९ को लेखा परिक्षण नियूक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
८. सञ्चालक समितिबाट तयार गरिएका नितिहरु अनुमोदन तथा विध्यमान नीतिहरु शंसोधन गर्ने सम्बन्धमा ।
९. संस्था संस्था बीच एकीकरण गर्ने सम्बन्धमा ।
१०.संस्थाको सेवा केन्द्र खोल्ने सम्बन्धमा ।
११. विविध ।

**कार्यक्रम** :
मिति : २०७८ असोज १५ देखि २०७८ कात्तिक ५ गते सम्म (शनिबार र सार्वजनिक बिदाको दिन बाहेक)
समय : बिहान १०:०० बजे देखि ४:०० बजेसम्म
स्थानः संस्थाको कार्यालय,काठमाडौ म.न.पा वडा.न. ३० डिल्लीबजार, काठमाडौं ।
● शेयर सदस्यको लागि यातायात खर्चको पनि व्यवस्था गरिएको छ ।
**नोटः** क्रोध रहित संसारको १४ औ बार्षिक साधारण सभा सोहि मिति स्थानमा हुने व्यहोरा समेत सम्पूर्ण सदस्य महानुभावज्यूहरुमा जानकारी गराइन्छ ।

**आज्ञाले**
**प्रबन्ध निर्देशक**

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४४३५७७९-०१-४४३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np

## साउदीमा रोजगार | कम्पनी : ADEL ABDULAZIZ AHMED AL-JERIWI RESTAURANT FOR SERVING MEALS
शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०५/२७ | चलानी नं.: ६०१६१४२६ | L.T. No.: 243600

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ५ गते (21 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alert Overseas Pvt. Ltd.**
Govt. Lic No. 1240/074/075
Tokha Road Samakhusi, Kathmandu Nepal, Tel: 4362382
E-mail : info@alertoverseas.com.np, alertoverseas.np@gmail.com, Web.: www.alertoverseas.com.np

## कतार र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : COASTAL TRADING AND ENGINEERING CO.WLL | शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२५ | चलानी नं.: ६०१६२७८९ | LT. No.: 245434

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Instal Technician | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Work Technician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : TECHNICAL WOOD FACTORY FOR INDUSTRY | शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०५/२७ | चलानी नं.: ६०१६२८६७ | LT. No.: 245271

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ५ गते (21 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

## Saudi मा रोजगार

1. Water Drop Restaurant To Serve Meals
पूर्व स्वीकृती मिति: २०७८/०५/२८ | चलानी नं. ६०१६२९५३ | LT No. : 245545

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Worker | 06 | साधारण | 1000 | ३१,४०७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

2. Time Co, Ltd. | पूर्व स्वीकृती मिति: २०७८/०५/२८ | चलानी नं. ६०१६२९५२ | LT No. : 245546

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Worker | 50 | साधारण | 1000 | ३१,४०७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

3. Water Drop Restaurant To Serve Meals
पूर्व स्वीकृती मिति: २०७८/०५/२८ | चलानी नं. ६०१६२९५५ | LT No. : 245544

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 03 | काममा दक्ष | 1200 | ३७,६८९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हो रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

**अन्तरवार्ता २०७८ असोज ५ गते (21 Sept. 2021) यस प्रा. लि. को कार्यालय चाकुपाट, ललितपुरमा हुनेछ**

वैदेशिक रोजगार विभागबाट जारीको जानकारी: [illegible]

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा. लि.**
चाकुपाट, ललितपुर, फोन: ५२६०३२६, ९८०१२३२४१०, ९८०२०९६६४१, ९८५१०७१८२२

## कतारमा रोजगारको अवसर

१. कम्पनी: SEAGULL CONTRACTING CO WLL | शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७८/०५/२७ | चलानी नं.: ६०१६२८७६ | LT. No.:245142

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: BURUK LOMISINE | शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७८/०५/२७ | चलानी नं.: ६०१६२८७८ | LT. No.: 245303

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ५ गते (21 Sep. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263 | Mob.: 9851010834, 9851005776
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## साउदीमा रोजगार

१. कम्पनी : Mohammed Abdul Aziz Abdul Rahman Kanaan Pastries Factory | शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१५ | चलानी नं.: ६०१६०८८२ | LT. No.: 243412 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | स. काममा दक्ष | 1400 | ४३,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ESSA RASHED AL OWAIDAN CO. FOR CONTRACTING | शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७६/११/२२ | चलानी नं.: ६०१५३०४९ | LT. No.: 234539 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 26 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Worker | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : AL-SOROUH AL-RASINAH CONTRACTING EST | शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/०५/१३ | चलानी नं.: ६०१६२०८८ | LT. No.: 242826 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी : ROAD ARTS FOR TRANSPORT EST | शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/०५/०३ | चलानी नं.: ६०१६१७२७ | LT. No.: 244042 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | truck driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी : FAISAL AAMIR AWAD AL MUTAIRI LIVE STOCK | शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०५/१३ | चलानी नं.: ६०१६२११२ | LT. No.: 244286 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cattle Breeding Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

६. कम्पनी : HUSSAIN AMER H. AL SHUQAIH EST FOR GENERAL CONTRACTING | शहरः Jubail
पुर्व स्वीकृत मितिः २०७८/०५/१३ | चलानी नं.: ६०१६२११० | LT. No.: 244453 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

७. कम्पनी : MAZOON DAMMAM CONTRACTING CO. | शहरः Ksa
पुर्व स्वीकृत मितिः २०७७/१२/१६ | चलानी नं.: ६०१५६२८१ | LT. No.: 238062 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

८. कम्पनी : FAWAZ BIN ALI AL SHAMMARI EST. FOR TRANSPORTATION | शहरः Dammam
पुर्व स्वीकृत मितिः २०७८/०५/२३ | चलानी नं.: ६०१६२८७२ | LT. No.: 245073

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ५ गते (21 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ को निःशुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

## SAUDI ARABIA, QATAR & CYPRUS मा रोजगारको अवसर

१. कम्पनी: NAHDEED ALBARAKAH DATES FACTORY | शहरः ALHASA
पूर्व स्वीकृत मितिः २०७८/०१/१२ | चलानी नं.: ६०१५९७०८ | LT. No.: 239798 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Laborer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : SHAY AL FAKHAMA CAFETERIA | शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१८ | चलानी नं.: ६०१६२३७८ | LT. No.: 244963 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | juice maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : CHR HERODOTOU AGENCY | शहरः NICOSIA
पूर्व स्वीकृत मितिः २०७८/०५/१८ | चलानी नं.: ६०१६२३८३ | LT. No.: 244712 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 15 | स. काममा दक्ष | 314 | ४३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ५ गते (21 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साइप्रसको रु.३०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Eurosia Human Resourse Pvt. Ltd.**
Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel : 01-4380243
Mobile No.: 9851064740, 9851071905, 9851237357
E-mail : eurosiahumanresource@gmail.com, Web : www.eurosiahr.com

# प्रदेश प्रमुखसमक्ष प्रदेश लोकसेवा आयोगको वार्षिक प्रतिवेदन पेश




**कर्णाली/मस**-प्रदेश लोकसेवा आयोगले कर्णाली प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनीसमक्ष वार्षिक प्रतिवेदन पेश गरेको छ।

आयोगका अध्यक्ष रामप्रसाद उपाध्यायले सोमबार प्रदेश प्रमुख कलौनीसमक्ष आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पेश गरेका हुन्। नेपालको संविधान, २०७२ को धारा २४४ मा प्रदेश लोकसेवा आयोग गठनको व्यवस्था भएबमोजिम कर्णाली प्रदेशसभाबाट प्रदेश लोकसेवा ऐन, २०७५ जारी भई सोहीअनुसार गठन भएको आयोगद्वारा सम्पादन गरेका काम कारवाही समेटेर प्रदेश प्रतिवेदन पेश गरिएको छ।

आव २०७८/७९ आयोग गठन वर्ष भएकाले कार्यालय स्थापना, कानून तथा पाठ्यक्रम निर्माण, संगठन संरचना तथा दरबन्दी पुनरावलोकनलगायतका कार्य गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। आयोगको गठन र कार्यक्षेत्र, कार्यसम्पादनका आधार, प्रशासनिक तथा वित्त व्यवस्थापन, कानून, शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण, सङ्गठन सुधार र नवप्रवर्द्धन, आयोगका जिम्मेवारीमा देखिएका कठिनाइ र सुझाव गरी सातवटा परिच्छेद प्रतिवेदनमा समावेश छन्।

प्रतिवेदन पेश कार्यक्रममा आयोगका सदस्य भक्तबहादुर खड्का, आयोग सचिव आनन्द सारु र प्रदेश प्रमुख कार्यालयका सचिव ठाकुरप्रसाद सिग्देललगायत कर्मचारीहरुको सहभागिता रहेको थियो।

# जनताको जीवनस्तर सुधार भएमात्र नेपाल समृद्धः मन्त्री भुसाल

काठमाडौं/मस-ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर सुधार भएपछि मात्र समृद्ध नेपाल बन्ने बताएकी छन्। राज्यका सबै निकायले आफ्नो सामाजिक एवं नागरिकप्रतिको दायित्व इमान्दारीपूर्वक पूरा गर्नुपर्ने उनको भनाइ छ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन, वाणिज्य बैंक लिमिटेडको चौथो केन्द्रीय महाधिवेशनको सोमबार उद्घाटन गर्दै मन्त्री भुसालले व्यापारिक दृष्टिकोणबाट मात्र हेरेर हुन्न, गरिबी न्यूनीकरणमा योगदान दिनुपर्ने बताइन्। उनले भनिन्, 'हामी सबैको पहिलो लक्ष्य गरिबी मुक्त नेपाल बनाउने हुनुपर्छ। सिर्जनात्मक कार्यक्रम अगाडि बढाएर काम गर्नुपर्छ।'

जनआन्दोलनबाट ठूलो राजनीतिक परिवर्तन भए पनि जनताको जीवनस्तरमा त्यति ठूलो परिवर्तन नआएका कारण राजनीतिकर्मी, कर्मचारी एवं उद्योगी तथा व्यापारीका बारेमा आलोचना हुने गरेको सुनाउँदै उनले जनताको त्याग र बलिदानबाट प्राप्त परिवर्तनको अनुभूति हुनुपर्ने बताइन्।

आफूमन्त्री भएपछि जनताकै पक्षमा निर्णय गरेको उल्लेख गर्दै उनले भनिन्, 'बीस युनिटसम्म बिजुली बाल्ने जनताले निःशुल्क पाउँदै छन्। यो निर्णयबाट २८ लाख ५० हजार घरपविार लाभान्वित हुनेछन्।'

त्यसैगरी बिजुलीको महसुल दर घटाएर जनतालाई राहत दिने निर्णय गरेको मन्त्री भुसालको भनाइ थियो। उनले भनिन्, 'अब ग्यास चुलोभन्दा विद्युतीय चुलो सस्तो हुन्छ, यो नेपाली उत्पादन हो, यही प्रयोग गरौँ।' मन्त्री भुसालले सिँचाइमा प्रयोग हुने स्यालो ट्युबवेलमा लाग्ने विद्युत महसुल निःशुल्क र डिप ट्युबवेलमा लाग्ने महसुलमा ५० प्रतिशत छुट गर्ने निर्णय गरेको जानकारी दिइन्।

कृषिजन्य वस्तुको आयातमा कमी भई व्यापार घाटा कम गर्न मद्दत पुग्ने उनको भनाइ छ। 'सामाजिक उत्तरदायित्व जनतामा केन्द्रित हुनुपर्छ' उनले भनिन्, 'राष्ट्रिय वाणिज्य बैंक एक नम्बरमा हुनुपर्छ र गरिबी निवारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।' राष्ट्रिय वाणिज्य बैंक मानक बैंकका रुपमा खडा हुनुपर्नेमा जोड दिँदै उनले यस बैंकको पक्षमा राज्य रहेको बताए।

लामो प्रयासपछि संघीय सांसदको खाता वाणिज्य बैंकमा सञ्चालन भएर तलब र भत्ता बुझ्ने अवस्था सिर्जना भएको स्मरण गर्दै मन्त्री भुसालले कर्मचारी, व्यवस्थापन र सरकारको एकीकृत प्रयासबाट वाणिज्य बैंकले जनताको सेवा गर्नुपर्ने बताए। विनाप्रतिस्पर्धा कर्मचारी राखेका कारण सार्वजनिक संस्था मारमा परेको बताउँदै उनले कानूनी प्रक्रियाका कारण लोकसेवाले कर्मचारी उपलब्ध गराउन ढिलाइ हुने प्रक्रियालाई सुधार गर्दै लैजानमा आफ्नो जिम्मेवारीअनुसार पहल गर्ने विश्वास दिलाए।

सो अवसरमा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले वाणिज्य बैंकको पूँजी संरचना बढाउनका लागि सरकारले पहल गर्नुपर्ने बताए। उनले ठूला निजी बैंकसँग प्रतिस्पर्धा गर्नका लागि पनि पूँजी वृद्धिमा ध्यान दिनुपर्ने उल्लेख गरे। उनका अनुसार हाल वाणिज्य बैंकले ७७ जिल्लाका २४७ शाखाबाट ३८ लाख ग्राहकलाई सेवा दिइरहेको छ।


## VACANCY

Park Engineering Services Pvt. Ltd. Anamnagar, Kathmandu invites applications from qualified and experienced Nepalese citizen for the following position.

| Position | Qualification | Experiences |
|---|---|---|
| Building & Architectural Engineering | B.E.in Architecture | Min-2 years |

Candidates matching the above criteria send CV's through Email:parkengineering5@gmail.com by 5pm. 6th Asoj 2078 and for further details of above position Contact 01-5705677, 9803852178

Park Engineering Services Pvt. Ltd.
Anamnagar, Kathmandu



## कतारमा रोजगारको | कम्पनी: HAPPY LIFE TRAD. & CONT. & CLEANING W.L.L शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१६ चलानी नं.: ६०१६२२३९ L.T. No.:244784 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,८७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | | 1300 | ४१,८७३ | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ७८,०२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ५ गते (21 Sept. 2021) मा हुनेछ ।

